

# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



लुम्बिनीमा चीन सरकारको तर्फबाट बनाइएको नयाँ विहार



लुम्बिनीमा धर्मकीर्ति विहारको तर्फबाट बनाइएको [illegible] पु महागुठीले बनाएको पलेस्वाँ पुखू

पौष पूर्णिमा

वर्ष- १८ अङ्क- ९ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्। लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै हामीलाई लेखी पठाउनु होस्।

४. हामी तपाईँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ-सम्पादक मण्डल हुने छैन।

---

★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि त:धंगु तिब: ज्वीफु।

★ छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ।

★ छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु।

★ आसे धयादीमते, बिचा: याना दिसँ- 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु।

## विषय-सूचि


| | | |
|---|---|---|
| १) बुद्ध वचन | - | १ |
| २) कुकुर जातक | - प्रकाश बज्राचार्य | २ |
| ३) (कविता) मय्‌जु धात्थेंहे ज्ञानि | - अमृतमान शाक्य | ३ |
| ४) (कविता) बुद्ध भाषा | - सरोज उदास | ३ |
| ५) धम्मपद-१३४ | - रीना तुलाधर | ४ |
| ६) (कविता) त्रिरत्न म्हसीका | - हेरादेवी शाक्य | ४ |
| ७) स्वर्गको ढोका | - *प्रस्तोता:* पी.एन.ज्ञवाली | ५ |
| ८) (कविता) ऐतिहासिक बुद्ध र वास्तविक यथार्थता | - कृष्ण कुमार प्रतिपति | ६ |
| ९) लोग्नेमान्छेसँग बोल्न डराउने ... ... ... | - प्रताप विष्ट | ७ |
| १०) हिंसा र अहिंसा | - आशारत्न शाक्य | ८ |
| ११) विष्णुपादुकामा चर्पी बनाउने अभियान | - | ९ |
| १२) धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | ९ |
| १३) ध्यानकुटी बाल आश्रमयात सहयोग ब्यूपिं | - | ९ |
| १४) मरेकाले पनि के खान आउँछ ? | - विमला शाक्य | १० |
| १५) बौद्ध संग्रहालय | - | ११ |
| १६) धर्म देशना | - ऊ ञाणीस्सर सयादो *प्रस्तोता:* विजय लक्ष्मी शाक्य | १२ |
| १७) प्रमोद हलुवाईजीको लेखको प्रतिक्रिया | - अशोककीर्ति | १६ |
| १८) (कविता) दान-त्यागचित्त | - भिक्षु संघरक्षित | १८ |
| १८) धर्मकीर्ति विहार - गतिविधि | - | १९ |
| २०) धर्म प्रचार - समाचार | - | २२ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४४
नेपालसम्वत् ११२१
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |

DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**DECEMBER, 2000**

| वर्ष- १८ | अङ्क- ९ | पौष | पूर्णिमा २०५७ |
|---|---|---|---|




★ कुनै पाप नगर्नु, पुण्यसंचय गर्नु र आफ्नो चित्तलाई शुद्ध गर्नु यही बुद्धहरूको शिक्षा हो ।

★★★

★ रूपैंया पैसा वर्षेता पनि मानिसको इच्छा र तृष्णा तृप्त हुँदैन । पण्डित जनहरू सांसारिक काम भोगादिमा क्षणिक स्वाद छ उल्टो धेरै दुःख छ भन्ने जानेर काम सुखको इच्छा गर्दैनन्, सम्यक सम्बुद्धका श्रावकहरू तृष्णा क्षय गर्नमा लाग्छन् ।

★★★

★ उत्तम पुरुष दुर्लभ छ, त्यसको सबै ठाउँमा जन्म हुँदैन । जुन कुलमा यस्ता महापुरुषको जन्म हुन्छ, त्यस कुलमा सुख वृद्धि हुन्छ ।

★★★

# कुकुर जातक

✍ प्रकाश बज्राचार्य

आकाशमा कालो बादल छाइसकेको थियो । सूर्यले पश्चिमको पहाड पछाडी मुण्टो लुकाइसके । चिसो चिसो हावा चल्न थाल्यो । फाटफुट पानी पर्न थाल्यो । हतार हजार गरी सबै मानिसहरू आ-आफ्ना घरमा फर्कन थाले । चराचुरुङ्गीहरू लुक्न गए । दिनभरि उद्यानमा आनन्द लिएर राजा पनि पानी पर्न लागेकोले आफ्नो दरवारतिर फर्के । दरवार पुग्दा नपुग्दै पानी पर्न थाल्यो । दरवारको ढोका बाहिर पुग्नासाथ राजा भित्र दौडीहाले । सैनिकहरूले रथका घोडाहरू फुकाली तबेलामा लगे । उनीहरू पनि हतारिएका थिए । मुसलधारा पानी पऱ्यो । राजदरवारको आंगन सुनसान भयो । खालि बिचमा थियो अश्वविहीन रथ । पानीमा रूझिनलाई छाडिदिएको निर्जीव रथ ।

मध्यराततिर पानी थाम्यो । आकाशमा तारा देखिन थाले । हावाको गतिमन्द भयो । राजदरवारका कुकुरहरू बाहिर आंगनमा निस्के । दरवारको पहरा दिने जिम्मा थियो ती कुकुरहरूको । पानीले गर्दा आंगनको माझमा परेको बेवारिस रथमा रहेका छालाका सामाग्रीहरू फुलेका थिए ।

कुकुरहरूले फुलिएका ती छालाका डोरीहरूको सुगन्ध पाए । चपाउन पाएमा क्या स्वाद आउँदो हो भन्ने लाग्यो । चारैतिर कोही नदेखिएकोले ती कुकुरहरू विस्तारै गई रथमा रहेका ती छालाका डोरीहरू चपाउन थाले ।

भोलिपल्ट बिहान सबेरै सैनिकहरू हेर्न आउँछन् त रथमा छालाका सामान सबै गायब ! सबै चकित भए ? हो न हो यो कुकुरले नै खाएको हुनु पर्दछ भनेर सबैलाई लाग्यो । राजाकहाँ खबर पुग्यो । रिसाहा राजा ! तुरन्तै आज्ञा दिए- "नगरका सबै कुकुरहरू मारिदेऊ !"

कुकुरहरूको दुर्दिन आइपुग्यो । जहाँ भेट्टिए त्यहीं कुकुरहरू मारिन थालिए । लखेटी लखेटी मार्न थाले । खोजि खोजि मार्न थाले । कुकुरमार अभियान शुरु भयो । कुकुरहरूमाथि ठूलो विपत्ति आइपऱ्यो ।

मसानमा बस्ने त्यो कुकुर अति बुद्धिमान थियो । निर्भिक थियो । कुकुर जातिमाथि आइपरेको विपत्ति उसले थाहा पायो । विचार गऱ्यो-'कसरी हुन सक्यो यो ? दरबारभित्र रहेको रथका छाला बाहिरका कुकुरले कसरी खान सक्छन् ? पक्कै पनि यो काम दरवारभित्रैका कुकुरहरूको हुनु पर्दछ ।

त्यो निर्भिक कुकुर चनाखो भई दरवार आइपुगेछ । चलाख थियो, दरवारको ढोकाभित्र छिरिहालेछ । सैनिकहरूले एक कुकुर दरवारभित्र छिरेको देख्नासाथ त्यसलाई मार्न भनेर लखेट्न आए ।

भित्र दरवारमा राज्य सभाको बैठक भइरहेको थियो । त्यस्तो ठाउँमा कुकुर भित्र छिरेछ र हतनपत गई राजाको सिंहासनमुनि लुक्न गएछ ।

राज्य सभामा खलबल मच्चियो । सभाभित्र एक कुक्कुर ! राजा आसनबाट उठे । आसनमुनिबाट विस्तारै टाउको निकाली निर्भिक कुक्कुरले भने– "महाराज ! म तपाइँसंग कुरा गर्न चाहन्छु ।"

"भन, के भन्नु छ ?" राजाले सोधे ।

"के तपाइँले सबै कुक्कुरलाई मार्ने आज्ञा दिनु भएको हो ?"

"हो ! मेरो रथलाई ध्वस्त पारेकोले मैले यस्तो गरेको हुँ ।"

"कुन कुकुरहरूले यसो गरेको तपाइँलाई थाहा छ ?" कुकुरले सोधे ।

"अहँ ! थाहा छैन ।" जवाफ ।

एकैछिन पछि कुकुरले पुन: प्रश्न गरे, "महाराज ! के सबै कुकुरहरूलाई तपाइँ मार्नु हुन्छ त ? वा कोही कुकुर मारिंदैन पनि ?"

एकैछिन विचार गरी राजाले भने, "मेरो दरवारका कुकुहरू मारिंदैनन् ।"

"त्यसोभए यो कसरी न्याय भयो । तपाइँ त राजा ! तपाइँ कसरी पक्षपाति बन्नुभयो । राजालाई त तराजु जस्तै निष्पक्ष हुनु पर्ने थियो ।"



Downloaded from http://www.dhamma.digital

"मैले कसले रथका सामान खाएको भनी ठम्याउन सकिन, त्यसैले यसो गरेको हुँ ।"

"त्यसोभए म देखाइदिन्छु यो कसको कर्तुत हो भनेर । मलाई मही र दूबो ल्याइदिनुस् ।" कुक्कुरले माग गरे ।

साँच्चै ती सामान ल्याइए । अनि निर्भिक कुकुरले दरवारका कुकुरहरू मँगाए । त्यसपछि दूबो घोटिएको मही ती कुकुरहरूलाई खुवाए । एकैछिन पछि ती सबै कुकुरहरूलाई उल्टि भयो । उनीहरूले गरेको वमनमा छाला टुक्राहरू स्पष्ट देखिन्थे । राजा लगायत सबैजना चकित भए । अब उनीहरूले साँच्चैको अपराधीहरूलाई चिने ।

त्यो निर्भिक कुककुरले अनि भने, "महाराज ! विचारपूर्वक काम गर्नु पर्दछ । अप्रमादी भएर राज्य चलाउनु पर्दछ । यसैले सबैको कल्याण हुन्छ ।"

★★★

**यो जातक भगवान् बुद्धले आफ्ना नाता कुतुम्बहरूको सम्बन्धमा भन्नुभएको थियो । यसमा निर्भिक कुकुर हुने स्वयं बोधिसत्व थिए ।** ■

# मय्जु धात्थेंहे ज्ञानि

**अमृतमान शाक्य**, इतुम्वाहा यें

मय्जु छाला धात्थें हे ज्ञानि खनी
मचां निसें छूयला तगु बांलागु बानि
शीलं छाय्पिया च्वंम्ह
मय्जु छ धाथें हे ज्ञानि खनी ।

मामं बुबां ताय् तिति याका
भन्ते गुरुमां पाखें सुवा फया च्वंम्ह
परियत्ति ब्वना ज्ञानि जुया च्वंम्ह
मय्जुला धाथें हे ज्ञानि खनि ।

सकसिया ख्वा जक तुयू
छंगु नु:ग हे धात्थें तुयू
सम्यक दृष्टी ब:लाम्ह
गुण मंगलया खानि
छ धात्थें हे ज्ञानिम्ह खनि

# बुद्ध भाषा

**सरोज उदास**, पोखरा-३

बुद्ध धर्म संघको शरणमा जाउं ।
बुद्ध धर्म संघ के हो ? जान्नलाई धाउं ॥

मानव शत्रु मानव होईन
हुन्छ राग र द्वेष ।
राखौं सदा चित्त शुद्धि
हटाउं मनको क्लेश ॥

भोकनै हाम्रो परम रोग
संस्कार ठूलो दु:ख ।
प्राप्ती होईन हुन्छ त्यागमा
जीवन निर्वाण सुख ॥

खोज्छौं सुख पाउंछौं दु:ख
कारण यसको तृष्णा ।
काया पूर्ति मात्रै गरौं
मनको तृष्णा छोडौं ॥

सुन्या देख्या पढ्या भरमा
सत्य नस्वीकारौं ।
स्वानुभवनै परम सत्य
हुन्छ भनि जानौं ॥

बुद्ध दर्शन के हो ? जानौं
जानौं बुद्ध भाषा ।
हृदय खालि बाह्याचारी
नहोस् खेल तमासा ॥

# धम्मपद–१३४

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

यो सासनं अरहतं-अरियानं धम्म जीविनं
पटिक्कोसति दुम्मेधो-दिट्ठिं निस्साय पापिकं
फलानि कट्ठकस्से व-अत्तहञ्ञाय फल्लति

अर्थ- जुन व्यक्तिले मिथ्यादृष्टिले प्रभावित भएर आर्य अरहन्तको शासनको निन्दा गर्छ, त्यस व्यक्तिले जसरी बाँसको रुखमा फल वा फूल फुलेपछि रुख नाश हुँदै जान्छ, त्यसरी नै आफैलाई नाश गर्ने फल उब्जाउँछ ।

घटना–

उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बास गरीरहनु भएको बेला काल स्थविरको कारणमा भन्नुभएको थियो ।

श्रावस्ती नगरमा एउटी आईमाईले काल स्थविरलाई एउटी आमाले जस्तै गरेर सेवा सत्कार र पालन गरीरहेकी थिइन् । त्यस आइमाईकी छिमेकी पर्ने आईमाईहरूले एकदिन भगवान बुद्धकहाँ गएर धर्म देशना सुनेर फर्केर आई अनेक तवरले भगवान बुद्धको प्रशंसा गरीरहे । भगवान बुद्धको प्रशंसा सुनेर उनलाई पनि जेतवनमा गएर भगवान बुद्धको धर्म देशना सुन्न खूब इच्छा लाग्यो । सोही कुरा उनले स्थविरसँग व्यक्त गरिन् । काल स्थविरको मनमा लाग्यो- भगवान बुद्धकहाँ गएर धर्म श्रवण गरी भने अवश्य पनि यसले ममाथि भेदभाव गर्नेछिन् । यसरी कपटी विचार मनमा लिएर स्थविरले ती दाता आईमाईलाई भगवान बुद्धकहाँ धर्म देशना सुन्न जाने अनुमति दिएन । भोलि पल्ट, पर्सि पल्ट तीन पटक सम्म आग्रह गर्दा पनि उनलाई अनुमति दिएन । एक दिन स्थविरले अनुमति नदिएपनि जानेछु भनेर आफैले निधो गरेर ती आईमाई भगवान बुद्धको धर्म देशना सुन्न जान लागिन् । जानुभन्दा अघि आफ्नि छोरीलाई काम अराइन्–"छोरी काल स्थविर आईपुग्नु हुँदा आवश्यक सत्कार गरी भोजन दान गराएर पठाउनु ।" भोजनको समयमा जब काल स्थविर उनको घरमा आईपुगे, उनकी दाता आईमाई भगवान बुद्धको धर्म देशना सुन्न गई सकिन् भन्ने थाहा पाएर मनमा डाह भयो । "अब भने पक्कै पनि उसको ममाथि श्रद्धा कम हुने भयो" भनी आत्तिएर विहारमा गए । विहारमा भगवान बुद्धले धर्म देशना गरीरहेकै ठाउँमा गएर भगवान बुद्धसँग बिन्ति गरे–"भो शास्ता यी उपासिका अत्यन्त मूर्ख छिन् । मन्द बुद्धिकि छिन् । यसले सूक्ष्म धर्म बुझ्न सक्ने छैन । यिनलाई स्कन्ध आदिले युक्त भएको सूक्ष्म र गम्भिर धर्म देशना नदिनुहोला । यसलाई दान र शीलको उपदेश मात्र दिनुहोला ।"

भगवान बुद्धलाई काल स्थविरले दुष्ट भावले त्यसरी भनेका हुन् भनेर थाहा थियो । अत: भगवान बुद्धले भन्नु भयो–"भिक्षु ! तिमी मूर्ख छौ ! तिम्रो विचार दुष्ट छ । आफ्नो दुष्ट विचारले गर्दा तिमीले बुद्धको शासनलाई उपहास गर्‍यौ । तिमी आफै आफ्नो विनाशको कारण हौ । वास्तवमा आफ्नो खाने लाउनेको लागि मात्रै मेहनत गरेर तिमीले आफ्नै विनाश गरीरहेका छौ ।"

यस्तो भन्नु हुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । धर्म देशनाको अन्तमा ती उपासिका श्रोतापन्न फलमा पुगिन् । ■

## त्रिरत्न म्हसीका

✍ हेरादेवी शाक्य, ह:खा

महत्त्व दुगु, सफूत स्वया:
थ:त मा:गु धर्म खँ ल्यया: ।
वनेमा: भीपिं पाप मयासें
बुद्धं शरणं गच्छामि धया: ।

वासलं थीवं रोग लनी थें
धर्म थुईवं थ:त म्हसी
न्हिथं नित्य पूजा यायेगु
धम्मं शरणं गच्छामि धया: ।

संगत यायेगु मनू म्हसीका
अधर्मि पासापिं, फुक्क तोता:
धर्मया चित्त दुपिंत ल्यया:
संघं शरणं गच्छामि धया: ।

न्ह्यावलें मा:गु, धर्म लुमंका:
बुद्धया शिक्षा मने तया:
यायेगु न्हिथं पूजा भी बुद्धया
त्रिरत्नया शरणे वया जि धया: ।

अनेक रोगं कयेका म्वाय्‌गु
दुगु थ्व भीगु जीवन ख:
छुं छगु रोगं मृत्यु ज्वी फूगु
काल घाना: भी जन्म जूगु ख: ।



Downloaded from http://www.dhamma.digital

# स्वर्गको ढोका

**प्रस्तोताः पी.एन.ज्ञवाली**

कुनै गाउँमा तीन सहपाठी युवक थिए । अध्ययनको क्रममा तीनै जना काशी गए । त्यहाँ एउटाले पवित्र धर्म ग्रन्थहरूको अध्ययन गरेर ठूलो पण्डित भयो । पुराण वाचन र धर्मशास्त्र प्रवचनमा ठूलो नाम कमायो । अर्को यज्ञ विधानमा निपुण भयो । यजमानहरूलाई अनेक प्रकारका यज्ञ गराउने र स्वयंले पनि यज्ञ यागादि गरी महान् ख्याति आर्जन गर्‍यो । तेस्रोले धेरै पढ्न सकेन । उसको मन पढाइपट्टि लागेन । केही दिन काशीमा घाट र मन्दिर घुमेर उ आफ्नो गाउँ फर्क्यो । उसले खुब मन लगाएर पुर्खाको खेतीपाती सम्हाल्यो । गाउँको ठूलो कृषकमा गनियो ।

ती तीनै जनाको जीवन सुखपूर्वक बित्यो । पृथ्वी तलमा भोग सिद्धिएपछि उनीहरू परलोक गए । यमका दूतहरूले तिनीहरूलाई सबभन्दा पहिले स्वर्गको ढोकामा पुर्‍याए ।

सबभन्दा पहिले धर्म ग्रन्थहरूको प्रकाण्ड पण्डितलाई स्वर्गका द्वारपालहरूले प्रश्न गरे "तिमीले के त्यस्तो काम गरेका छौ जस्को आधारमा तिमीलाई हामीहरूले स्वर्गमा प्रवेश गर्ने अनुमति दिउँ ?"

पण्डितले भन्यो "मैले सम्पूर्ण धर्मशास्त्र अध्ययन गरेको छु । धर्म के हो ? त्यो मलाई थाहा छ । त्यसकारण म स्वर्गको अधिकारी हूँ ।" द्वारपालहरूले भने "ठीक भन्यौ, तिमीले धर्मशास्त्र खुब पढेका छौ । तर, आफ्नो जीवनमा एकदिनपनि धर्मशास्त्रअनुसार आचरण गरेका छैनौ । केवल सैद्धान्तिक ज्ञान मात्रले धर्म हुँदैन । ज्ञानलाई व्यवहारमा उतार्न सक्नु पर्छ । शास्त्र पढ्दैमा, जान्दैमा मात्र स्वर्गको अधिकारी भइँदैन । तिमीले स्वर्गमा प्रवेश पाउन सक्दैनौ ।"

द्वारपालको कुरा सकिन नपाउँदै यज्ञकर्ताले भन्यो "त्यसो भए म व्यावहारिक हूँ । यज्ञ भनेकै व्यावहारिक कर्म हो । यसमा हातले अग्नि प्रज्वलित गरिन्छ । हातैले चर होमिन्छ सम्पूर्ण व्यावहारिक क्रियाहरू गरिन्छन् । मैले ठूलाठूला सयौं यज्ञ गराएको छु । आफूले पनि कयौं यज्ञ सम्पन्न गरेको छु । यज्ञद्वारा नै मेरो ठूलो नाम भएको छ । त्यसकारण म अवश्यपनि स्वर्गको अधिकारी हुन योग्य छु ।"

द्वारपालहरूले भने "तिमी कुरा ठीक गर्दैछौ । तिमीले सयौं यज्ञ सम्पन्न गरेको सत्य हो । तर, ती सबै यज्ञयागादि तिमीले आफ्नो स्वार्थ पूर्तिका लागि गरेका थियौं । आफ्नो स्वार्थका लागि स्वर्गको ढोका खुल्दैन ।

स्वर्गको ढोका बाहिर उभिएको तेस्रो उम्मेदवारले बडो विनम्रतापूर्वक द्वारपाललाई भन्यो "म विद्वान् पनि होइन, यज्ञकर्ता पनि होइन । एउटा मामुली कृषक हूँ । मैले त्यस्तो ठूलो काम गरेको छैन । पृथ्वी तलमा हुँदा बाटो हिंड्ने बटुवाहरूलाई भोजन गराउथैं । बास खोज्न आउनेहरूलाई बास दिन्थें । मसँग घरमा जे जस्तो हुन्थ्यो सबैलाई बाँडेर खान्थें । मैले यसैलाई आफ्नो कर्तव्य र धर्म सम्झेर गर्थें ।

किसानको जीवनचर्या सुनेर प्रसन्न भएका द्वार पालहरूले भने "तिमी स्वर्गमा प्रवेश गर्न सक्छौ, तिम्रा लागि द्वार खुला छ ।" यति भनेर द्वारपालहरूले कृषकलाई स्वर्गको ढोकाभित्र पठाए । उसका दुई साथीहरू भने यमदूतको पछि लागेर यमलोकतिर गए ।

यस कथाले हामीलाई बताउँछ–... ... किताबको ज्ञान र यज्ञ यागादि कर्मले स्वर्गको अधिकारी हुन पाइन्न । परोपकार र त्यागरुप धर्मले मात्र स्वर्गको ढोका उघार्न सकिन्छ ।

*(साभारः कान्तिपुर कोशेली)*



**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य आर्जन गर्नु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**
*– This is the teaching of the Buddhas.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*

# ऐतिहासिक बुद्ध र वास्तविक यथार्थता

✍ **कृष्ण कुमार प्रतिपति**, नागदेश, मध्यपुर-५

२५२३ वर्ष अधिको पुष्प पूर्णिमा शुक्रबारको दिनमा जन्मनु भयो "सिद्धार्थ" पवित्र लुम्बिनीमा ।
बाल्यकालदेखि युवाकालसम्म सिद्धार्थले बिताउनु भयो ऐतिहासिक कपिलवस्तु दरवारमा ॥

२५९४ वर्ष अधिको असार पूर्णिमा सोमबार गृहत्याग गर्नु भयो सिद्धार्थले कपिलवस्तुमा ।
६ वर्षसम्म देशान्तर भै कठिन तपश्चर्या गरी पाउनु भयो सिद्धार्थले 'बोधिज्ञान' बैशाखमा ॥

२५८८ वर्ष अधिको पुष्प पूर्णिमा बुद्धबार "सम्बोधिलाभ" गर्नु भयो सिद्धार्थले बुद्धगयामा ।
सोही दुर्लभ ज्ञानलाई लोभ प्रतिलोभ गरी राख्नु भयो तीन महिनासम्म "बुद्ध" ले मनमा ॥

२५८८ वर्ष अधिको गुरु पूर्णिमा शनिवारको दिनमा "धर्मचक्र प्रवर्तन" गर्नुभयो सारनाथमा ।
सम्यक र सही धर्मको अर्थ र मर्म बुझाउने सम्झाउने कार्य गर्नु भयो बुद्धले मृगदावनमा ॥

"अनित्य, दु:ख र अनात्म" को अर्थ र मर्मको धर्मोपदेश गर्नुभयो "शास्ता"ले ऋषिपत्तनमा ।
उपदेश दिनु भयो बुद्धले "चतु:आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग र प्रतित्यसमुत्पाद" को सिद्धान्तमा ॥

४५ वर्षसम्म निरन्तर सही धर्म र दर्शनको प्रचार प्रसार गर्नुभयो शास्ताले बुद्धकालीन जनपदमा ।
"१२५० जना अर्हत् भिक्षुहरू" भएपछि आयु संस्कार परित्याग" गर्नुभयो तथागतले चापाल चैत्यमा ॥

तीन महिना पछि "महापरिनिर्वाण" हुने घोषणा गर्नुभयो तथागतले माघपूर्णिमाको दिनमा ।
२५४३ वर्ष अधिको पुष्प पूर्णिमा मंगलबारको दिनमा महापरिनिर्वाण भयो तथागतको कुशीनगरमा ॥

प्रकृतिको नियमलाई बरण गर्नु भयो सदा भगवान् शास्ताले पावन पुष्प पूर्णिमाको दिनमा ।
२५४३ वर्ष अधि नै सदाको निम्ति अन्तिम "दाह संस्कार" भयो तथागतको जेष्ठ कृष्णा-५, आइतबारमा ॥

सप्ताहको प्रत्येक दैनिक बारमा भएको थियो ऐतिहासिक परिघटना तथागतको जीवनमा ।
सम्झनु पर्ने एउटै बार शेष रह्यो बिहिबार सिद्धार्थको गर्भ प्रवेश २६२२ वर्ष अधिको असार पूर्णिमामा ॥

भबतु सब्ब मङ्गलं !

*ने.सं. ११२० चौलागा ६, सोमवा: / ई.सं. २००० अप्रिल-२४, सोमबार-बि.सं. २०५७ बैशाख-१२*
*(बुद्धिष्ट कम्युनिकेशन सेन्टर, यलया ग्वसा:लय् जूगु काव्य प्रतियोगिताय् बाचनयागु चिनाखँ (कविता) ।*



Downloaded from http://www.dhamma.digital

# लोग्नेमान्छेसँग बोल्न डराउने महिलाले गाउँकै आवरण फेरिदिए

✎ प्रताप विष्ट

हेटौंडा, १४ कात्तिक । गाउँलाई विकृतिमुक्त बनाउन र बस्तीलाई सफासुग्घर एवं हरियालीयुक्त राख्नका लागि आग्रा गाउँ विकास समितिका महिलाहरूले अनुकरणीय कार्य गरेका छन् ।

मकवानपुर जिल्लाको उत्तरी क्षेत्रमा पर्ने अति दुर्गम एवं विकट गाविसका रूपमा चिनिने आग्रा गाविस–४, चिसापानी क्षेत्रका महिलाहरूले आफ्नो गाउँको प्रत्येक घरमा चर्पी बनाउन लगाएका छन् भने तास-जुवा खेल्न पूर्ण रूपमा बन्द गरेका छन् । विगतमा आग्राको चिसापानी गाउँ जुवातास खेल्न र खेलाउनका निम्ति ख्यातिप्राप्त थियो । २ वर्ष अघिसम्म चिसापानीमा तास र जुवा खेल्नका निम्ति विभिन्न गाउँका युवा र अधबैंसेहरू धाउने गर्दथे । तर अहिले महिलाहरूको सक्रियतामा तास-जुवा खेल्न बन्द गरिएपछि उक्त गाउँका पुरुषहरू तरकारी खेतीतर्फ आकर्षित भएको चिसापानी सामुदायिक विकास तथा दैवी प्रकोप कार्यक्रमका संयोजक पद्म विश्वकर्माले कान्तिपुरलाई बताउनुभयो ।

२ वर्षअघि आफू गाउँमा आउँदा २०५० सालको बाढीपहिरोले मात्र गाउँको अनुहार बिगारेको थिएन, यहाँ सधैं तास-जुवा खेल्ने, हिंड्ने बाटोलाई चर्पी बनाउने, सधैं रक्सी खाएर यहाँका पुरुषहरू मात्ने गर्दथे । गाउँको अवस्था देखेर सुरुसुरुमा आफू बस्न सकिन्छ कि सकिंदैन होला भनेर मनमा आशंका पैदा भएको थियो- कार्यक्रम संयोजक विश्वकर्मा भन्छन् ।

२०५० सालको भीषण बाढी र पहिरोबाट पीडित उक्त चिसापानी क्षेत्रको विकास र दैवी प्रकोपको रोकथाम गर्नका लागि जाइकाको आर्थिक सहयोगमा नेपाल रेडक्रम सोसाइटीको सक्रियतामा २०५४ सालमा चिसापानी सामुदायिक तथा दैवी प्रकोप रोकथाम कार्यक्रम संचालन भएको थियो ।

त्रिभुवन राजपथको मध्यभागमा पर्ने दामन-पालुङबाट करिब ३ घण्टा पैदल हिंडेर पुगिने उक्त चिसापानी क्षेत्रका निरक्षर एवं असंगठित महिलाहरूलाई रेडक्रसद्वारा संचालित सामुदायिक विकास कार्यक्रमले समुहमा संगठित गर्ने र साक्षरता अभियान एकै चोटि संचालन गरेको थियो ।

सामुदायिक विकास कार्यक्रमले बेलुका-बेलुका पढाउने र महिलाहरूलाई समूहमा संगठित हुन सिकाएको चिसापानी छापकी ३६ वर्षीया हरिमाया बुलुनले कान्तिपुरलाई बताईन् ।

गाउँका हामी महिलाहरूका आँखा खुलेपछि महिलाहरू एक भएर तासजुवा बन्द गऱ्यौं, गाउँलाई सफासुग्घर राख्न प्रत्येक घरमा हैसियतअनुसारको चर्पी बनाउन लगायौं र जंगलको संरक्षण र वृक्षारोपण अभियान पनि संचालन गऱ्यौं-गाउँकी अगुवा महिला कान्छीमाया मोक्तान बताउँछिन् ।

विगतमा लोग्नेमानिससँग बोल्न लजाउने उक्त गाउँका महिलाहरूले अहिले तासजुवा खेल्ने र रक्सी खाएर पत्नीलाई कुटपिट गर्ने पुरुषहरूलाई तह लगाउने गरेका छन् ।

तामाङहरूको मात्र बसोबास रहेको उक्त चिसापानी क्षेत्रका अधिकांश बासिन्दाहरूको जस्तापाता लगाएर घरको छाना जसरी टिलिक्क टल्केको छ, त्यसरी नै अहिले महिलाहरूको सक्रियतामा गाउँ पनि स्वच्छ, सफा र विकृतिमुक्त रहेको छ । उक्त अवस्थाले निरन्तरता पाउला कि नपाउला भनेर सामुदायिक विकास तथा दैवी प्रकोप कार्यक्रमका संयोजक एवं कर्मचारीहरूले चिसापानी क्षेत्रका महिला एवं पुरुषहरूका लागि विभिन्न किसिमका तालिम, समाज विकासको अवधारणा र स्थानीय विकास निर्माणमा स्थानीय सहभागितासम्वन्धी पटकपटक कार्यशाला गोष्ठीहरू संचालन गरेको कार्यक्रम संयोजक विश्वकर्मा बताउनुहुन्छ ।

अधिकांश समय खेतीपातीमा लुटपुटिइरहने उक्त गाउँका महिला एवं पुरुषहरू काम सकिएपछि हातगोडा

धोएर, सफासुग्घर भएर हिंड्ने गर्दछन् । गाउँमा सामान्य झैझगडा भयो भने गाउँमा नै महिला-पुरुष मिलेर मिलाउने गर्दछन् ।

राजनीतिक पार्टीका कारण पुरुष-पुरुषबीच द्वेष रहेको उक्त चिसापानी क्षेत्रका महिलाहरूबीच भने पुरुषहरू जस्तो घिनलाग्दो विवाद र झगडा छैन । २०५० सालको बाढी र पहिरोको पीडा ब्यहोरेका उक्त गाविसका महिलाहरूले जंगलको रूख काट्ने कुनै पनि मानिसलाई सार्वजनिक रूपमा दण्डित गर्ने व्यवस्था गरेका छन् भने उक्त क्षेत्रमा अहिले व्यापक रूपमा वृक्षारोपण गरेर गाउँलाई नै हरियो बनाएका छन् । चौबीसै घण्टा हुस्सु र कुहिरोले ढाकिरहने उक्त चिसापानी क्षेत्रको बस्ती र टोल अहिले छिमेकी गाविसहरूका निम्ति प्रेरणाको स्रोत बन्न पुगेको दामन-पालुङमा रहेको जकमाविका एक शिक्षक बताउँछन् ।

२०५० साल साउन ४ गतेको कालो रातको पीडा भोगेकी कान्छीमाया मोक्तान भन्छिन्-२०५० सालको बाढीपहिरोबाट त्रसित भएर अन्यत्र बसाइँ गएका छिमेकीहरू पनि गाउँको विकास र चालचलनदेखि लोभिएर गाउँमा नै फर्केका छन् ।

जिल्लाको सबैभन्दा पानी पर्ने स्थलका रूपमा परिचित उक्त चिसापानी क्षेत्रमा २०५० साउन ४ र ५ गतेको बाढी र पहिरोमा करिब ३ दर्जन मानिसहरूले ज्यान गुमाएका थिए भने पहिरोले गाउँको स्वरूप नै बदलिदिएको थियो । स्वच्छ र चिसो हावापानी रहेको उक्त चिसापानी क्षेत्रमा १ सय २९ वटा घरधुरीमा ७ सय ४४ जनाको बसोबास रहेको छ । गाउँको प्रत्येक घरमा जाने गोरेटो बाटो गाउँलेहरूले नै सुविधाजनक ढंगले बनाएका छन् ।

*(साभार: कान्तिपुर दैनिक)*

★

# हिंसा र अहिंसा

✎ **आशारत्न शाक्य**, ल.पु. झतापोल

साधारण दु:ख हिसाबले भन्ने हो भने अरुलाई दु:ख, कष्ट दिनुलाई हिंसा र कसैलाई दु:ख कष्ट नदिनुलाई अहिंसा भनिन्छ ।

सबै प्राणिहरू सुख चाहन्छन् । दु:ख कोहि पनि चाहँदैनन् । यसैले हामीले यस्तो सुख भोग गर्नु पर्दछ कि जुन सुख भोग गर्दा कसैलाई दु:ख, कष्ट नहोस् ।

हामी रेडियो सुन्दा छिमेकीहरूलाई बाधा नपुग्ने गरी सानो स्वरले सुन्ने गर्छौं । ठूलो स्वरले बजायो भने छिमेकीहरूलाई बाधा पुग्छ र उनीहरू रिसाउँछन् । ठूलो स्वरले बजायो भने उ असभ्यमा गनिन्छ ।

सुख भोग गर्दा अरुलाई दु:ख हुन्छ भने त्यस्ता सुखलाई हामीले त्यागिदिनु पर्दछ । त्यस्ता सुखले दु:ख पैदा गर्दछ, शत्रु पैदा गर्दछ, हिंसाको बिउ पैदा गर्दछ । अशान्तिको बिउ पैदा गर्दछ ।

हामी सुख चाहन्छौं । सुख बाहिर मात्र होइन, आफू भित्रपनि छ । साँच्चैको सुख त आफु भित्रै छ । जति हामीले अरुलाई माया गर्न सक्छौं । मैत्री भाव राख्न सक्छौं त्यतिनै हामी सुखी हुन्छौं आमाले आफ्ना छोरा छोरीहरूलाई माया गर्छिन र उनीहरूको सुख देखेर आफू पनि सुखि हुन्छिन्, प्रशन्न हुन्छिन् आनन्दित हुन्छिन् । त्यस्तै हामीले पनि अरुसबैलाई माया गर्न सकेको भए, मैत्री भाव राख्न सकेको भए, अरुहरूको सुख देखेर हामी पनि आनन्दित हुन सक्छौ. । त्यसैले हामी आनन्दित हुनको लागि हामीले सबैलाई माया गर्नु पर्दछ, मैत्री चित्त बृद्धि गर्दै लान सक्नु पर्दछ ।

जसले अरुलाई माया गर्न सक्दैन, प्रेम गर्न सक्दैन, मैत्री भाव राख्न सक्दैन । उसलाई अरुको सुख देखेर दाह हुन्छ, मनमा आकुल व्याकुल हुन्छ मैत्री, करुणा, मुदिता र उपेक्षा बिना हामी कहिले पनि सुखि हुन सक्दैनौ । यी चार दाजुभाईहरू सुख, शान्तिका मित्रहरू हुन् । त्यसैले हामी सुखि हुनको लागि हामीले यी चार दाजुभाइहरू सित मीत लाउनु पर्दछ । अरुहरूलाई पनि आफु जस्तै ठान्नु पर्दछ । आफुलाई सुख मन पर्छ । दु:ख, कष्ट मन पर्दैन भन्ने कुरा बुझेर हामीले कसैलाई पनि दु:ख, कष्ट नहुने काम गर्नु पर्दछ । यो सम्यक कर्मान्त र सम्यक आजीव भित्र पर्दछ । भगवान बुद्धले भन्नु भएको छ कि "अरूलाई सुख दिन सक्छौ भने, देउ । सुख दिन सक्दैनौं भने दु:ख, कष्ट पनि नदेउ"



Downloaded from http://www.dhamma.digital

# विष्णुपादुकामा चर्पी बनाउने अभियान

गाउँ विकास कार्यक्रम लागू भएपछि सुनसरीको दुर्गम गाविस विष्णुपादुकामा विभिन्न समूहमार्फत चर्पी बनाउने अभियान शुरू भएको छ ।

२०५५ सालमा गाउँ विकास कार्यक्रम शुरू हुनुअघिसम्म गाविसभरिको ८ सय ९ घरपरिवारका ४ हजार ४ सय ३० जनसंख्या मध्ये पूर्व गाविस अध्यक्ष बलसेर राईको घरमा मात्र चर्पी थियो, तर अहिले गाविसका ५० प्रतिशत जनताले चर्पी प्रयोग गर्न थालेका छन् । "गाउँ विकास कार्यक्रमले चर्पीको प्रयोग गर्नुपर्छ भन्ने कुरामा यस ठाउँमा आमूल परिवर्तन ल्याउन सफल भयो, जुन हामीले कल्पनासम्म गरेका थिएनौं'- गाविस उपाध्यक्ष गोपाल खत्री भन्नुहुन्छ ।

'हामी यो गाविसमा कार्यक्रम सञ्चालन गर्न आउँदा शुरूशुरूमा कसैले चर्पी बनाउने कुरा सुन्नै मान्दैनथे । हामीलाई अहिलेसम्म चर्पी नहुँदा भइराखेको छ भने अब किन चाहियो ? भनेर उनीहरू भेलामा सहभागी हुनै मान्दैनथे, तर अहिले हामीलाई चर्पी प्रयोग गर्न अप्ठ्यारो लागे पनि छोराछोरीको लागि भए पनि बनाइदिन्छौं भनेर चासो राख्न थालेका छन्' - गाउँ विकास कार्यक्रमका सामाजिक परिचालक बसन्त राई आफ्नो अनुभव व्यक्त गर्छन् ।

उहाँका अनुसार गाउँ विकास कार्यक्रम लागू हुनुअघि गाविसका १० वटा विद्यालयमध्ये कुनैमा पनि चर्पी थिएन । अहिले ७ वटा विद्यालयमा चर्पी सञ्चालन छ भने अन्यमा निर्माण गर्ने क्रम जारी छ । गाविस क्षेत्रमा अहिले कुमारी समूह, महिला समूह, गृहिणी समूहलगायत विभिन्न समूहले चर्पी बनाउने अभियान सञ्चालन गरेका छन् । करिब ३० वटा सामुदायिक संस्था गठन भएको सो गाविसमा सबै सामुदायिक संख्यामार्फत 'चर्पी बनाऔं' अभियान सञ्चालन भएको छ ।

बालबालिकाहरूको लागि विकेन्द्रित कार्यक्रम (डीपीसीपी) की सामुदायिक सहजकर्ता विष्णुराईका अनुसार विष्णुयाङमा प्राय: सबैको घरअगाडि र वरिपरि सुँगुर र बाख्राको खोर राख्ने र बालबच्चाहरूलाई चर्पीमा दिसापिसाब गराउनुपर्छ भन्ने चेतनाको कमीले जथाभावी फोहोर भई बालबच्चाहरू बारम्बार बिरामी भइरहने समस्या रहेको छ ।

त्यो समस्या निराकरणका लागि सामुदायिक विकास संस्थामार्फत जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ ।

उक्त कार्यक्रमबाट आगामी ३ वर्षभित्रमा एक घर एक चर्पी बनाउने योजना रहेको बताइएको छ ।

*( साभार: समाचारपत्र )*

***सम्पादक– भगवान बुद्धले पनि यी तत्त्वहरूलाई उत्तम दानको रूपमा लिनु भएको कुरा उल्लेखित छन् । ती हुन्–***

**(१) विहार बनाउनका लागि जग्गा दान दिनु ।**
**(२) धर्म प्रचार कार्यको लागि विहार बनाई दान दिनु ।**
**(३) भिक्षु संघको लागि अष्ट परिष्कार दान दिनु ।**
**(४) भिक्षु संघको लागि आवश्यक पदार्थहरू दान दिनु ।**
**(५) धार्मिक पुस्तकहरू छापी धर्म दान दिनु ।**
**(६) धर्म देशना गर्नु ।**
**(७) चर्पीहरू बनाइदिनु आदि आदि ।**

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ३४२

*श्री प्रेम बहादुर खड्गी*

दमाईटोल वडा नं १९, काठमाडौं

रू. १०२०/-

***ध्यानकुटी बाल आश्रमयात सहयोग ब्यूर्पि :-***

| | | |
|---|---|---|
| ध्यानकुटी संरक्षण समिति | रु. | १०,०००/- |
| धर्मदास ताम्राकार, क्षेत्रपाती | रु. | २,०००/- |
| द्वारिका प्रसाद मानन्धर छाउनी | रु. | १,०००/- |
| लक्ष्मीदेवी मानन्धर, लाजिम्पात | रु. | १,०००/- |
| श्रीमती कमला स्थापित वटु | रु. | १,०००/- |
| निलशोभा ताम्राकार ताहाचल | रु. | ५,००/- |
| श्री भक्त श्रेष्ठ, मरु | रु. | ५,००/- |
| राशमान तुलाधर, न्हाय्कंत्वा | रु. | ५,००/- |

**कल्पना परिवारं बाल आश्रमयात भोजन याकादिल ।**

# मरेकाले पनि के खान आउँछ ?

✍ **विमला शाक्य**, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

आज घरमा श्राद्ध । घरका सबैलाई फुर्सत छैन । कोही घर सफा गरीरहे । कोही पूजा कोठामा पूजाका सामग्री जुताईरहे । कोही बजारमा गएर आवश्यक सर-सामान किन्न गए । म पनि व्यस्तै छु । कौसीमा फूल टिपीरहें । यतिकैमा फुपू आएर भन्नुभयो- "अय् दुलही ! छिटै फूल टिप्न सकाएर सुचिनिचि गर । चोखो गर । चोखो लुगा लगाउ । चिया पनि खानु हुन्न । श्राद्धको बेलामा लापरवाही गरे भने पितृले खान आउने छैन ।"

फुपूका यी कुरा सुनेपछि मेरो मनमा अनेक कुरा खेल्न थाल्यो "मरीसकेकाले पनि के खान आउँछ । पत्याउन नसक्ने कुरा । आज विहान देखि भान्छामा भात छुनु हुँदैन । भात त छुनै हुँदैन रे । दिनहुँ खान पर्ने भात । श्राद्धको बेला छुनै नहुने । हिजो बेलुकी खाएको भात पेटमै हुन सक्छ । पेटमा भएको भात पनि निकालेर सफा गर्न सके पो हो । आजको युगमा पनि यस्तो अन्धविश्वास ?"

आज घरमा श्राद्ध भएकोले अफिसमा पनि विदा लिनु पऱ्यो । अफिसमा छोड्नै नहुने काम थियो । हामिक रीसले चूर भइरहे होला । निहुँ बनाएर अफिस गई हालुं कि जस्तो लाग्यो । तर के गर्नु ? म ठहरें घरकी बुहारी । घरको समाजको रितिथितिले पिल्सिएकि । फूल टिप्न सकाएर कौसिबाट बुइगल भित्र पसें । मेरो मनमा फेरि श्राद्धकै विषयमा कुरा खेल्न थाल्यो- "आजभोलि कहाँ कसले खुशिले श्राद्ध गरी रहेका छन् र ?! सबैले करकापले गरीरहेछन् । मरेका कहाँ पुगी सके । मरेकाले खान आउने त पक्कै होइन । गुरुजु, बाहुनलाई दान प्राप्त गर्न परेर नै त श्राद्ध गराउँछ । मरेकालाई पिण्ड खुवाउँदा धर्म भनी मान्न दिन्छ । साँच्चै हो आजभोलि श्राद्ध जस्तो कर्मकाण्ड धेरैलाई मन पर्न छोडीसक्यो ।" मनमा श्राद्धको विपरित कुरा खेलीरह्यो । तर काम भने म श्राद्धकै तयारीको लागि गर्दैछु ।

विहान श्राद्धको काम जति सकाएर एकछिन आराम गरुं भनेर म आफ्नो कोठाभित्र पसें । सिरानीनिर राखेको पुस्तक देखें- "बुद्धकालिन ब्राह्मण" । पुस्तक सरर्र पल्ताएँ । संजोग- मैले एउटा पानामा शिर्षक देखें- "श्रद्धाको फल पितृ कहाँ पुग्दछ ?"–विहानै देखिको मेरो चिन्तनाको विषय । मलाई पढ्न मन लाग्यो । बुद्धकालिन एक घटनाको विषय रहेछ । जाणुसोणि नामक एक ब्राह्मणले भगवान बुद्ध- सँग सोधेछ–"के श्राद्धको फल पितृले पाउँदछ ?" भगवान बुद्धले जवाफ दिनु भयो–"प्राणीहिंसा गर्ने, चोरी गर्ने, लोभी भएका, मिथ्यादृष्टि भएका व्यक्ति मरेपछि नरक योनीमा पुग्दछ । त्यसले श्राद्ध दानको फल प्राप्त गर्न सक्ने छैन । उस्तै गरी कुकर्म गरेर पशुयोनीमा जन्मनेले पनि श्राद्ध दानको फल प्राप्त गर्न सक्दैन । कोही असल कर्म गरेर मनुष्यलोक वा देवलोकमा जन्म लिए भने पनि त्यस कहाँ श्राद्धको फल पुग्ने छैन । तर प्रेत योनीमा जन्म लिन पुग्यो भने श्राद्धको फल प्राप्त गर्न सक्दछ ।" पढ्दै जाँदा मलाई यस विषयमा झन उत्सुकता जाग्यो । पढ्दै गएँ । एक ठाउँमा यसरी पनि लेखिएको छ । भगवान बुद्धले भन्नुभयो–"जसको नाममा श्राद्ध गरेर दान दिइन्छ त्यसकहाँ फल पुगे पनि नपुगे पनि दान गर्नेलाई त पक्कै फल मिल्छ ।" पुस्तकमा श्राद्ध सम्बन्धि विषय पढ्न सकेपछि मैले सोचें–"परंपरा देखि चली आएको पूजा आजाको बारेमा जानी नै राख्नु पर्ने रहेछ । आफूलाई थाहा नभएको विषयमा तुरुन्तै निर्णय लिनु हुँदैन रहेछ ।"

मेरो कोठाको बाहिर भऱ्याङमा मान्छे चढेर आएको आवाजले मेरो विचार बन्द भयो । "को रहेछ" भनी उठेर ढोकामा हेर्न गएँ । गुरुबाजे आउनु भएको रहेछ बेलुकी श्राद्धको भोज खानलाई ।

यी गुरुबाजे जान्ने बुझ्ने हुनुहुन्छ भनी मलाई थाहा छ । त्यसैले श्राद्धको विषयमा उहाँले थाहा पाएको कुरा सुनुं भनी मनमा लाग्यो । गुरुबाजेलाई मेरो कोठाभित्र पस्न दिएर मैले आफ्नो जिज्ञासा पोखें–"श्राद्ध गर्नुको अर्थ के ? मरेकाले पनि आएर खान आउँछ र ? "हामीले दान गरेको फल हाम्रा मरीसकेका आफन्तकहाँ पुग्न जान्छ र ?" गुरुबाजेले हाँसेर आफ्नो कुरा भन्नु भयो–"श्राद्धलाई धेरैले बुझेका छैनन् । 'श्राद्ध' संस्कृत



Downloaded from http://www.dhamma.digital

शब्द हो । 'श्रद्धा' शब्द अपभ्रंस भएर 'श्राद्ध' भनियो । श्राद्ध गर्नाले केही हानि हुने छैन । आफ्ना दिवंगत भईसकेका आमा, बाबु, आफन्तको नाममा श्रद्धाले दान दिनु हाम्रो राम्रो परंपरा हो । हामी बाँचेकालाई मात्र होइन मरीसकेकालाई समेत सम्झेर दान दिने गर्छौं । श्रद्धाले दिइने दान नै श्राद्ध हो । मुख्य कुरा त दान धर्म गर्दा हाम्रो मन शान्त हुन्छ, आनन्दित हुन्छ । दानको फल त अवश्य हुन्छ ।" गुरुबाजेको कुरा मलाई चित्त बुझ्यो । गुरुबाजेले प्रसंग बदलेर फेरि भन्नुभयो- "श्राद्धको बेला बिरालो बाँध्ने जस्ता नमिल्दो कर्मकाण्ड पनि अवश्य छ । जान्ने बुझ्नेले यस्ता अन्धविश्वासी कर्मकाण्डको सुधार गर्नु पर्दछ । आफ्ना बितीसकेका आफन्तको गुण स्मरण गरी उनीहरूको हित होस्, भलो होस् भनी चाहना गरेर दान पुण्य गर्ने श्राद्ध जस्तो चलन अवश्य राम्रो छ । यस परम्परालाई कायम गर्नु पर्छ बरु अन्धविश्वासले होइन अर्थ बुझेर, जानेर गर्नुपर्छ ।"

आफ्नो विचार व्यक्त गरेर गुरुबाजे उठ्नु भयो- "ल त नानी म त माथि हिँडे' भनेर माथितिर जानु भयो । गुरुबाजे माथि जानु भएपछि फेरि मैले उहाँको कुरामा चिन्तना गरें । "बुद्धकालिन ब्राह्मण" पुस्तकमा पढेको सम्झें । फेरि निधो गरें–"अबदेखि कहिल्यै पनि आफूले नजानीकन यो नराम्रो, यो बेठीक भनेर भन्ने छैन ।

---

# बौद्ध संग्रहालय

लुम्बिनीमा मित्र राष्ट्र भारतको सहयोगमा निर्मित बौद्ध संग्रहालय भवनले संग्रहालयको स्वरूप अझै पाउन सकेको छैन । प्रशासनिक व्यवस्थाका सम्बन्धमा केही कामहरू भए तापनि संग्रहालयका लागि आवश्यक वस्तु संकलनको कुरा भने अहिले समान विचार विमर्शमा मात्र सिमति रहेको छ ।

बौद्ध संग्रहालय वस्तुत: महात्मा गौतम बुद्धसम्बन्धी ऐतिहासिक र पुरातात्विक विषयका सामाग्री रहनुपर्ने कुरामा दुई मत हुन सक्तैन । संग्रहालयको महत्वलाई बौद्ध संग्रहालयले पनि धान्नुपर्दछ । ज्ञानार्जान, मनोरञ्जन र आर्थिक उपलब्धिका दृष्टिले पनि संग्रहालय अक्षयकोष मानिन्छ । नेपालमा संग्रहालयको महत्व अझै पनि धेरैका लागि नौलो विषय रहि आएको देखिन्छ । संग्रहालयबाट प्राप्त गर्न सकिने ज्ञान ग्रहण गर्न मुलुकले अझै पनि सकिराखेको छैन । राष्ट्रिय संग्रहालय एकातिर व्यवस्थापनको कमजोरीले आकर्षक स्थल बन्न सकिराखेको छैन भने अर्कोतिर संग्रहालय शिक्षाको अभावले गर्दा यसबारे कतिपय शिक्षित र सचेत व्यक्ति नै पनि अनभिज्ञ रहेका छन् । त्यस्तै ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक बिषयका अनगिन्ती धरोहरहरू संरक्षणको अभावमा नष्ट हुँदै गइरहेका छन् । यस परिप्रेक्ष्यमा लुम्बिनीमा स्थापित संग्राहालय व्यवस्थित, आकर्षक र त्रुटी रहित हुनुपर्छ भन्ने आग्रहलाई र समय सापेक्ष मान्नुपर्छ ।

बुद्धका नाममा स्थापित संग्रहालयमा पस्ने जो कोहीले बुद्धबारे पूर्णज्ञान पाउन सक्नुपर्छ । शाक्य मुनि बुद्धको जन्म थलो लुम्बिनी भए पनि बुद्धका बारे यथेष्ट सामग्री नेपालमा नै प्राप्त हुन्छन् भन्न सकिन्न । श्रीलंका, बर्मा, थाईलैण्ड, भारत, चीन र मंगोलिया जस्ता मुलुकहरू बुद्धका उपदेश र महानवाणिबाट मात्र आकर्षित नभई बुद्ध धर्मका अनुयायी समेत बनेका कुराको इतिहास साक्षी छ । सांस्कृतिक र कलात्मक बैशिष्टय झल्किने भगवान बुद्धका मूर्तिहरू र चित्रहरू विश्वका विभिन्न मुलुकमा पाइन्छन् । संग्रहालयमा त्यस्ता मूर्ति चित्रहरूको संकलन रहनु आवश्यक हुन्छ । बुद्धका पहिरन र प्रयोग वस्तु तथा बुद्धका विषयमा अहिलेसम्म भए गरिएका अध्ययन अनुसन्धान पनि संग्रहालयमा हुनुपर्छ । मुलुकभित्रकै कतिपय बौद्ध विहारमा पनि अमूल्य मूर्ति र गरगहना उपलब्ध हुन सक्छन् । तिनको यथासंभव संग्रह बौद्ध संग्रहालयमा नै हुन सके तिनको उचित संरक्षण पनि हुने थियो ।

कालान्तरमा गएर राष्ट्रिय संग्रहालयको जस्तै अवस्था बौद्ध संग्रहालयको पनि भयो भने त्यसको आकर्षण र महत्ता पनि कम हुन जान सक्ने कुराबारे समयमै सबैले सजग र सचेष्ट रहनुपर्छ । लुम्बिनी बौद्ध संग्रहालय नेपालको मात्र नभएर एशिया र सम्पूर्ण विश्वको आकर्षण केन्द्र बनाउने तर्फ गम्भिरतापूर्वक सोची त्यही अनुरुप वस्तु संकलन र उचित व्यवस्थापनमा ध्यान पुऱ्याइनु पर्छ ।

*(साभार - कान्तिपुर सम्पादकीय)*

# धर्म देशना

✍ ऊ ञाणीस्सर सयादो
*प्रस्तोता*– **विजय लक्ष्मी शाक्य**, *इतुम्बहाल*

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको गौतमी विहारमा धर्मकीर्ति विहारको धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा आयोजित अल्पकालिन श्रामणेर, भिक्षु, गुरुमाँ तथा ऋषीणी प्रव्रज्या तथा विपस्सना शिविर को लागि नेपालमा पाल्नु भएको ऊ ञाणीस्सर सयादोले गत मंसिर ९ गते देखि पाँच दिन सम्म दिनको दुई पटक बिहान र बेलुका दिनु भएको धर्मदेशना आफूले बुझेसम्म संक्षिप्तमा लेख्ने इच्छाले सो धर्म देशना लेख्ने प्रयास गरें। यसमा धेरै त्रुतिहरू हुन सक्छन्। त्यसको लागि म क्षमा याचना पनि गर्दछु। सो धर्म देशना श्रद्धेय भन्ते ञाणपूर्णिक महास्थविरज्यूले बर्मी भाषाबाट नेपालीमा अनुवाद गर्नुभई सवै साधक, साधिका, उपासक, उपासिकहरूलाई मैत्री करुणा चित्तले बुझाई दिनु भएकोमा हाम्रो हार्दिक साधुवाद छ।

गुरु ऊ ञाणीस्सर सयादोले भन्नु भएको थियो। धर्म कथिकहरूले मैत्री करुणा राखी लोक कल्याणको लागि कथा सुनाउने गर्दछन्। यसबाट कथा श्रवण गर्नेहरूलाई तीनवटा फाइदाहरू वा फलहरू दिन्छन्।

(१) कथा नसुन्नेहरूले सुन्न पाउँदछन्।
(२) सुनेर पनि नबुझ्नेहरूले फेरि सुनेर बुझ्दछन्।
(३) बुझ्ने मानिसहरू प्रसन्न हुन्छन् र बुद्ध धर्मप्रतिको श्रद्धालाई कायम राख्न सामर्थ्य पनि हुन्छन्।

**प्रथम धर्म देशनाः**

स्मृति प्रस्थानको महिमा बारे चर्चा गर्दै गुरु भन्तेले भन्नु भयो। अहिंसक जस्तो विद्यार्थीलाई उसैको गुरुले हिंसक अंगुलिमाल बनाइदियो। उही अंगुलिमाललाई भगवान बुद्धले स्मृति प्रस्थानको विधि सिकाई भिक्षु बनाइ दिनु भयो।

एक पटक भगवान बुद्धले देशना गरिरहनु भएको बेलामा ६ जना ब्राह्मणहरूले पनि सुनिराखेका थिए। तिनीहरू मध्ये पहिलोले भूँई कोट्याउँदै थिए, दोस्रोले भूँईमा धर्सो तानीरहेको थियो, तेस्रोले रुखमा अडेस लिएर रूख हल्लाउँदै थिए, चौथोले खम्बामा अडेस लिएर सिद्धा उभेर कथा सुनीरहेको थियो भने अर्को मान्छेले चुपचाप बसी कथा सुनिरहे जस्तो बसिरहेको थियो।

यो स्थितिलाई प्रकाश पार्दै बुद्धले आनन्दलाई भन्नु भयो त्यो पहिलो व्यक्ति उसको पूर्व जन्ममा कडेंलो थियो, दोश्रो जोतिषाचार्य थियो, तेश्रो बाँदर थियो, चौथो सर्प थियो भने अर्को चुपचाप बसी सुन्ने व्यक्ति वेदाचार्य थियो जसले त्यो बेलामा पनि वेद नै पाठ गरिरहेको थियो। यो कुरा सुनेर आनन्दले सोध्नु भयो तर पनि बुद्धले किन कथा भनिरहनु भएको ? बुद्धले भन्नु भयो तर पनि मैत्रि बुद्ध जन्मने बेलामा त्यस वासनाले त्यही वेला जन्म होस् भन्ने आशयले हो भनेर भन्नु भएको थियो भनी सयादोले भन्नु भएको थियो।

**दोश्रो धर्मदेशनाः**

मानिसको जीवन सार्थक पार्नको लागि बुद्धले मानिसको आयुलाई तीन भागमा बाँड्नु भएको थियो।

(१) ३३ वर्ष सम्म शिप कला सिक्ने।
(२) त्यसपछि ६७ बर्ष सम्म धन, सम्पति आर्जन गर्ने
(३) बाँकि आदर्श र परोपकारी जीवन विताउन सकेमा

जीवन सार्थक हुन्छ : होइन भने पानी नभएको, सुकेको कमलको फूल भएको पोखरीमा माछा खान कुरेर बसेको बकुल्ला झैं हुन्छ भनी भन्तेले भन्नु भएको थियो।

भगवान बुद्धले रातलाई तीन भागमा बाँड्नु हुन्थ्यो। पहिलो भागमा समाधिमा बस्नु हुन्थ्यो, दोस्रो १२ बजे देखि २ बजे सम्म देव ब्रह्मालाई धर्म देशना दिनु हुन्थ्यो पछि विश्राम गर्नु हुन्थ्यो जुन समय धेरै नै कम मात्रामा मात्र हुन्थ्यो।

इन्द्रले आफ्नो च्यूति समयमा आएर दिव्य शक्ति घट्न गएको, अस्त्र शस्त्र मलिन हुन गएको, रूप मलिन भई शरीरबाट समेत पसिना निस्केको आभाष पाएको हुंदा बुद्धकहाँ गई सबै कुरा व्यक्त गरेर आफ्नो दुःखेसो पोखेको हुँदा बुद्धले यही सति प्रतिस्थापन विद्या सिकाई दिनुभयो।

यही विधिबाट नै देवेन्द्र शक्रको क्लेश नास भएर श्रोतापन्न भई नव जीवन प्राप्त गरी आफ्नै परिवारसंग फेरि पनि सुखसंग बस्न पाएँ भनेर भन्नु भयो।

**तेस्रो धर्म देशनाः**

एक जना साधकको मन जंगलबाट भागेर आएको मृग शहरमा पुगेर कँपिको जस्तो हुन्छ भन्नुभयो।

समाधिको उद्देश्य मृग या निर्वाण हो भने बाण (श्रद्धा) र बाङ्गो वाणलाई सिद्धा पार्ने तेल (वीर्य) हो भने शिकारी आफै हुन भनी ञाणीस्सर सयादोले उपमा दिई साधकहरूलाई प्रोत्साहन दिनु भएको थियो।



Downloaded from http://www.dhamma.digital

त्यस्तै साधकको मन चित्त साँढे हो जुन जथाभावी हिंड्छ त्यसलाई सपार्न डोरी रुपी स्मृतीले बाँधि वीर्य रूपी लठ्ठीले पिति भाग्ला भनेर एक खम्बामा बाँध्नु पर्दछ । जुन खम्बालाई स्वास संग दाँजिएको छ । पिट्दै भागेमा फेरि स्वास रुपी खम्बामा ध्यान केन्द्रित गर्नु नै साधक आफैले आफूलाई साधनामा पाको पार्नु हो भनी भन्नु भयो । स्मृति प्रस्थानलाई चार किसिमले बताउनु भयो ।

(१) स्वास प्रस्वासमा ध्यान दिनु ।

(२) बाहिर गएको स्वास र भित्र आएको स्वासमा ध्यान दिनु

(३) भित्र आएको र बाहिर गएको स्वासलाई तीन खण्ड गरी आदि, मध्य र अन्त गरी जम्मा तीन चरणमा विभाजित गरी होस् पुऱ्याउनु पर्ने बताउनु भयो ।

(४) चौथो खण्डमा शरीरको कुनै पनि भागमा थाहा हुन आउने वेदना विभिन्न प्रकारका हुन्छन् जस्तै झमझम हुने, पोल्ने आदि हुन भनेर सयादोले भन्नु भयो ।

गुरु भन्ते सयादोले चंक्रमण गर्दा (हिंड्न अभ्यासलाई) पाइला चाल्दा तीन प्रकारबाट होश पुऱ्याउनु पर्ने बताउनु भयो जस्तो पाइला उठाउँदा, अलि अगाडि सार्दा र भूईमा टेक्दा । यति गरेर देब्रे भए देब्रे र दाहिने भए दाहिने उचालेकोमा होश पुऱ्याई आँखालाई तीन फीत भन्दा बढि टाढा हेर्न नदिइ आफूभित्रै हातखुट्टाको चाल याद गरी बस्नु नै चक्रमण ध्यान हो भनी बताउनु भएको थियो ।

जसरी आकाशमा उड्ने चराहरूको खुट्टाको चिन्ह कतै पनि देख्न र पाउन सक्दैन त्यसरी नै सत्य प्राप्त गर्न भगवान बुद्धको स्मृति प्रस्थान भावना बाहेक अरू कुनै पनि धर्ममा प्राप्त गर्न सक्दैन भनेर भन्नु भयो ।

**चौंथो धर्मदेशनाः**

कोशल नरेश प्रसेनजीतले बुद्ध कहाँ गएर आफू राजकाजमा ब्यस्त भएको हुंदा आफूसंग समय कम भएकोले छोटो धर्मदेशना दिनु हुन अनुरोध गर्नु भयो । राजाको अनुसार उनलाई हात्तिको पाइलाभित्र सवै जनावरहरूको पाइला अटाइने जस्तो धर्म देशना होस् जसमा सबै धर्म अटाइयोस् भन्ने उनको आशय थियो । त्यसैलाई मनन गरी भगवान बुद्धले अल्प बुद्धि भएको राजा प्रसेनजीतलाई “अप्पमादेन सम्पादेथ” भनेर सवै धर्म समाहित हुने छोटो धर्म देशना दिनुभयो । तर राजाले त्यों कुरा बुझ्न नसकी ट्वाल्ल परेर बसिरहे । यही धर्म देशनालाई गुरु भन्ते सयादोले ब्याख्या गर्नु भयो । यो अप्रमादी धर्ममा दान, शील, समाधी र प्रज्ञा समुचित रूपमा आएको हुन्छ किन कि दान गरी अप्रमादी हुन सकेमा, शील पालन गरी अप्रमादी बन्न सकेमा, शील नै समाधीको खम्वा हुनेछ । समाधीमा लागी अप्रमादी भई हरेक कुशल कर्म गरी अप्रमादी हुन सकेमा प्रज्ञा जागृत हुन्छ । प्रज्ञाद्वारा गरिएको कुशल कर्महरू पनि प्रमादरहित हुन सकेमा धर्मलाई प्राप्त गर्न सकिन्छ । यही अप्रमादी धर्ममा जाति, जरा, ब्याधि मरण पनि समाहित छन् । कारण अप्रमादी भएर बस्न सकेमा यसबाट पनि छुट्कारा पाउन सकिन्छ । यति मात्र होइन संसार भरिका दुःखबाट मुक्ति पाउन यही अप्रमादी धर्मलाई जीवनमा अपनाउनु पर्दछ भनेर गुरु भन्तेले भन्नु भएको थियो ।

राजा प्रसेनजीतको अल्पवुद्धिको कारणले गर्दा अप्रमादी धर्मलाई बुझ्न नसकेकोले एक दिन बुद्धलाई दर्शन गर्न जाँदा आफूलाई राजषी पोषाकमा जान अप्ठ्यारो महसुस भएको हुँदा ती सवै राजषी वस्त्र अधिराजकुमार घोषित भइसकेको आफ्नो छोरालाई दिइ जानु भएको थियो । तर धूर्त छोरोले घोडा र एक जना दासी मात्र बाँकी राखी त्यस माथि पनि आफ्नो देशमा नफर्कन चेतावनी दिएर फर्केर गएर आफूले राज्य हडप गरे । त्यही कारणले मर्ने समयमा राजाले एक सानो पाटीमा बसेर आफ्नो मरण समय सम्म पर्खन बाध्य भयो । त्यसैले बुद्धको शिक्षामा प्रस्वासको साथ साथै स्मृति कायम गरी मन र शरीर भित्रको क्लेशलाई हटाउन स्मृति प्रतिस्थापन भावनाको जरुरत हुन्छ भनेर भन्तेले व्याख्यागर्नु भयो ।

गौतमबुद्धले बोधिज्ञान लाभ गरिसकेपछि (७) सात हप्तासम्म त्यही रुखमुनि बिताउनु भयो । त्यसपछि सारनाथमा धर्मचक्र प्रवर्तन सूत्रमा देशना गर्नु भयो भनेर गुरु भन्तेले स्पष्ट पार्नुभयो ।

**पाँचौ धर्म देशनाः**

त्यो बेला गौहत्याराको उपमा दिनु भयो । जस्तो गोरुलाई मार्न डोरीले बाँढेर लग्दा कसैले सोध्यो भने गोरुलाई मार्न लागिरहेको भन्नेछ । ठूलो हतियारले काट्दा कसलाई काटेको भन्दा गोरुलाई काटेको भन्दछ भने काटि सकेपछि छुत्याइएको मासुको भागहरूलाई गोरु नभीकन टाउको, खुट्टा, मुटु, फोक्सो, भनी मात्र भन्दछ । त्यहाँ गोरु शब्दनै हराउँदछ । त्यस्तै गरी हामी

मान्छेले पनि स्मृति राखेर नाम रूप रुपी शरीरलाई काट्दा चित्त द्वारा स्मृतिमा रही रूपलाई चार महाभूत तत्व पाउँदछौ जस्तो: साधक चकतीमा बस्दा पहिला चिसो र नरम अनुभव गर्दछ पछि गएर तातो अग्नि धातु र पछि गएर कडापन पृथ्वी धातु अनुभव हुन्छ । त्यस्तै गरी शरीर हल्लिएको अनुभव भए वायु धातु र शरीर भित्र भित्रै सलल्ल बगेको तरल अनुभव हुन्छ भने जल धातुको अनुभव हुन्छ । यसैलाई स्मृति पुऱ्याइ रहँदा शरीरलाई वीर्यरुपी अस्त्रले छेडन गरी बिज्ञानको अनुभव ज्ञान द्वारा प्रज्ञा जगाइ दिने हुन्छ ।

त्यही प्रज्ञालाई पनि तीन किसिमबाट अनुभव गर्न सकिन्छ :

१) श्रुतमयी प्रज्ञा:- अरुले भनेको सुनेर थाहा हुन आउने प्रज्ञा हो ।

२) चिन्तनमयी प्रज्ञा:- थाहा हुन आएको प्रज्ञालाई चिन्तन मनन् गरी अनुभव गर्ने प्रज्ञालाई चिन्तनमयी प्रज्ञा भनिन्छ ।

३) त्यसलाई पनि आफैले जानी आफै भित्र आफैले प्राप्त गरी अनुभव गरेको प्रज्ञालाई भावनामयी प्रज्ञा भनेर भनिन्छ जसलाई प्रत्यक्ष दर्शी स्मृति भावना, स्मृति प्रस्थान भावना वा विपश्यना भावना भनिन्छ ।

जसरी नगरको रक्षा गर्न द्वारपालको आवश्यकता हुन्छ । द्वारपालले विरोधिहरूलाई रोक्ने गर्दछ । ऊ विरोधिहरूको पछि लागेर भित्र गए पनि वाहिर गए पनि नगरको रक्षा हुँदैन त्यसरी नै स्मृति पनि हाम्रो देहको द्वारपाल हो । स्वास होस् वा स्मृतिमा बस्न सकेमा जीवन सार्थक बन्नेछ अन्यथा प्रसेनजीत जस्तै हुन वेर छैन भनेर भन्तेले भन्नुभएको थियो ।

**छैठौ धर्मदेशना:**

सर्व प्रथम संसारको कुनै पनि चीजहरू चार महाभूत तत्वहरूले बनेको हुन्छ । यी चार तत्वहरूबाट निर्मित चीजहरूमा पनि धेरै स्मृति राखि बस्न सकेमा अपरिशुद्ध ज्ञान विशुद्ध हुन्छ, शोक परिदेव हटेर जान्छ भने शारीरिक कष्ट हटेर जान्छ र मानसिक दु:ख दौर्मनस्य पनि परिस्कृत हुन्छन् । यसरी स्मृतिले निरीक्षण परिक्षण गरी प्रज्ञाले काम गर्दा सवै किसिमको दु:ख हटेर जान्छ भनेर भन्तेले स्पष्ट पार्नु भएको थियो ।

पाँच व्यसन धर्महरू जस्तो–

१) ज्ञाती ब्यसन धर्म । २) भोग ब्यसन धर्म । ३) रोग ब्यसन धर्म । ४) शील ब्यसन धर्म । ५) दृष्टि ब्यसन धर्म ।

१) ज्ञाती ब्यसन धर्म भन्नाले आमा बावु आदि परिवार संग विछोड हुने दु:ख जुन असह्य हुन्छन् ।

२) भोग ब्यसन धर्म आर्थिक समस्या जस्तो सम्पत्ति भएर पनि नास हुने आदिबाट हुने दु:ख

३) रोग ब्यसन धर्म:- रोगले ग्रसित भइ हुने दु:ख । कोही मानिसहरू रोगी भएर पनि सुख अनुभव गरी बाँच्ने पनि हुन सक्छन् भने कोही दु:खी हुने हुन्छन् ।

४) शील ब्यसन धर्म- शील नष्ट भएमा यसले एक जीवन मात्र नष्ट नभई जुनी जुनी लाई नै नास पार्दछ ।

५) दृष्टि ब्यसन धर्म- मिठ्या दृष्टिले पनि यो जीवन मात्र नभई अनेक जीवन नास पार्ने हुन्छन् ।

यी अन्तिम दुइवटा ब्यसन धर्मले गर्दा दु:खदायी जीवन विताउनु पर्ने हुन्छ ।

अर्को शील सम्वन्धी उपमा भन्तेले बताउनु भएको थियो । श्रीलंकाको एक जना विपश्वी महास्थवीरले २० वर्षमा सन्यास लिई ६० वर्षसम्म विपस्सना ध्यान गरे । त्यही समयमा तिस्स नाम गरेको राजाको बुद्धको धर्म प्रति आस्था भएको हुँदा त्यो महास्थवीरको प्रशंसा सुनी त्यहाँ गए । उहाँको शिष्य श्रामणेरले भित्र जान अनुरोध गरे । राजा भित्र गएको बेलामा भिक्षुले एक अन्डर वयर वाहेक अरु वस्त्र नपहिरिकन पेटमा शुल भएको हुंदा मिचिराखेको अवस्था देखे । यो देखेर राजाले वन्दना सम्म पनि नगरी बाहिर निस्के । चेलो चाहिंले सोधेछ किन छिटो बाहिर निस्कनु भयो । अनि आफू पनि भित्र हेर्न जाँदा गुरुको हालत देखेर भनेछ यस्तो श्रद्धाले आएको व्यक्तिलाई किन यसरी फिर्ता पठाउनु भएको ? यो सुनी गुरुले चेलोलाई भन्नुभयो त्यसो हो भने राजालाई एक छिन पर्खन लगाउ । चेलोले सोही अनुसार गरे ।

गुरुले आफ्नो वस्त्र पहिरि साधना गरी आफूले पालन गर्दै आएको २२७ वटा शीलहरू निरिक्षण परिक्षण गर्दा कुनै पनि कमी नभएको शीलानुपस्सना गर्नु भयो । फल स्वरूप त्यसैको कारणले गर्दा उहाँले केही क्षण मै अरहन्त पद प्राप्त गर्नु भयो र राजालाई भित्र आउन आज्ञा दिए । राजाले भित्र आई हेर्दा भिक्षुको अनुहारमा



Downloaded from http://www.dhamma.digital

कान्ति देखि छक्क परेर सोधे कि तपाईं अरहन्त हुनुभयो ? भिक्षुले जवाफ दिए कि अब आफूले श्रवण कृत्य गर्न पर्दैन । यसरी शीलद्वारा प्रज्ञा जागृत गरी दिएको जवाफले राजाले शील पालन गरेकोले नै यसो हुन गएको हो भनी टाउकोको कपालले भिक्षुको खुट्टामा घोच्ने गरी कन धेरै पटक ढोगी आफूले ल्याएको दान दान्तव्यको परिकारहरू सुम्पिदिए ।

**सातौं धर्मदेशनाः**

भावना दुई किसिमका छन् : समथ र विपस्सना । समथामा क्लेश नास हुदैन तर मात्र समन हुन्छ भने विपस्सनाले क्लेस पूर्णतया छेडन गरी मुक्ति मोक्ष वा निर्वाण प्राप्त गर्न सक्षम बनाउँछ । यसैले विपस्सना भन्नाले कर्मस्थान भन्ने बुझिन्छ । यसले कर्मलाई दृढ पार्न मद्दत गर्दछ । यसले रूप, यसको उत्पति र व्ययलाई भावना गरी उत्पाद र व्यय धर्मलाई जान्न लगाउँदछ । यसले रूप छ, यसको उत्पत्रि, रूपको समुदय छ र यसको व्यय धर्म पनि छ भन्ने कुरा बोध गराउँदछ । त्यसतै रूपले अध्ययन गर्ने अनुभब गर्ने वेदना छ, वेदनाको समुदय छ र यसको ब्यय धर्म पनि बोध गराउँदछ । जस्तो कि साधकले साधना गर्न वस्न लाग्दा चकतीको चीसोपना तथा कडापना स्मृति भावनामा जगाई दिन्छ । बस्दा-बस्दा खुट्टाहरू दुखेर आउँदछ वेदना भयो दुःखाईलाई नै विज्ञान भनी चिनाइयो । यसको व्यय धर्मको अनुभव भाविता भइसके पछि व्यय धर्मको बोध भइ प्रज्ञा जगाई दिन्छ । यही उपमा श्रीलंकाको महास्थविरको पेट दुःखाई (विज्ञान) रूपले अनुभव गरेको वेदना भयो । यसको उत्पति भयो र वेदना जारी भइरह्यो तर ब्यय हुन नपाउँदै राजाको आगमन भयो र प्रज्ञाबाट वन्चित भएको हुंदा भिक्षु प्रतिको श्रद्धा राजालाई घट्यो । यस्को व्यय धर्मलाई जान्न नसकेको हुंदा भिक्षुले राजाबाट अपहेलना सहनु पऱ्यो र आफ्नो चेलो श्रामणेरबाट पनि अपशब्द सुन्नु पऱ्यो । तर उहाँले शारीरिक वेदना त भयो भयो तर मानसिक वेदना दौर्मनस्यलाई भाविता नगरी श्रवण कृत्य पूरा गर्छु भनी स्मृति पुनः जगाई भावना गर्दा अरहन्त अवस्था प्राप्त गर्नु भयो । यसरी स्मृति भावनामा अपहेलना तथा निन्दा समेत अनुभव गर्नु पर्ने हुन्छ ।

स्मृति भावनाको अभ्यासमा यस बाहेक यसको अरू बाधाहरू पनि विभिन्न प्रकारबाट आउन सक्छन्- पञ्च निवरण या बाधाहरू जस्तै-

१) कामछन्द २) ब्यापाद ३) थिन-मिद्ध ४) उद्धच्च-कुकुच्च ५) विचिकिच्छा

यही स्मृति भावनाले नै अपहेरित भइसकेको भिक्षुले रूप वेदना, विज्ञान, प्रज्ञाको जगाई प्रिति अनुभवको भाविता गरी फेरी आदर, सत्कार पाउन सामर्थ्य भयो ।

स्मृति भावना चार प्रकारका छन्-

१) कायानुपस्सना
२) वेदनापुपस्सना ३) चितानुपस्सना
४) धम्मानुपस्सना

४) धम्मानुपस्सना- यसको पनि सात अङ्गहरू छन् । स्मृति वीर्य, धर्मविचय, प्रिति, प्रसब्धि, समाधि उपेक्खाहुन्

**आठौं धर्म देशना :**

यहाँ राजाको उपहासलाई ध्यान भावनाको स्रोत ठानेर शीलले प्रज्ञालाई धुन सकिन्छ र प्रज्ञाद्वारा पनि शीललाई धोइन्छ भन्ने कुरालाई उपमाको रुपमा दिनु भयो । जस्तो बाँया हात फोहर भएमा दाँयाले सफा गर्न सकिन्छ त्यस्तै दाँया वा बाँया खुट्टा फोहर भएमा एक अर्को खुट्टाले धोइन्छ त्यस्तै शीलद्वारा प्रज्ञालाई परिशुद्ध गर्न सक्ने हुन्छ भने प्रज्ञाद्वारा शीललाई पनि परिशुद्ध पार्न सक्ने हुन्छ ।

यसमा उदाहरणका रुपमा मिलत्त भन्ने शिकारी ५० वर्ष देखि दिनहुँ १००० जना भन्दा बढि जनावरहरू शिकार गरी जीवन यापनं गर्दथे । एकदिन उसलाई पानीको प्यास लागेर पानी खोज्दा खोज्दा एक कुटी भेटियो । त्यस कुटीमा एक महास्थविर अरहन्त बस्ने गर्नु हुन्थ्यो । उहाँ आफैले काठ बाँस कात्न आउने मान्छेलाई आफैले पानी ल्याएर भरीएको घेंटोहरू राख्नु हुन्थ्यो र तिर्खाएकालाई ख्वाउनु हुन्थ्यो । त्यो शिकारी पनि त्यहाँ आइ पुगे ।

कर्मको विषयमा गऱ्हौं कर्म (गरुकम्म) धेरै नै भयानक हुन्छ । आफ्ना बावु, अरहन्त, भिक्षु, भिक्षुणी, भगवनको जीउमा पनि चोट लगाउँदछ भने त्यस्तो कर्म धेरै नै भरी र गऱ्हौं हुन्छ । क्रमशः

# प्रमोद हलुवाईजीको लेखको प्रतिक्रिया

✍ अशोककीर्ति

तीन-चार दिन अघि मेरा एक जना मित्र एवं उपासकले दुईटा लेख देखाउनु भएको थियो, सामालोचना गर्नको लागि । पहिलो लेख प्रमोद हलुवाई, पुतली वजारको नाममा "पूर्वी नेपालका थारु जाती : एक शल्यक्रिया" शीर्षक अन्तर्गत "ब्लाष्ट" अखबारको बर्ष ५ अंक १२१ मा प्रकाशित भएको थियो भने अर्को लेख प्रमोद हलवाई, झुम्का-सुन्सरीको नाममा "पूर्वी नेपालका थारु जातिको धर्म र संस्कृति' शीर्षक अन्तर्गत "धर्मकीर्ति" पत्रिकाको बर्ष-१८ अंक-५ मा प्रकाशित भएको थियो । साथै धर्मकीर्ति पत्रिकामा एउटा स्वस्थ्य प्रतिक्रियाको अपेक्षा पनि गरिएको थियो "थारु जाति" को धर्म, संस्कृति र इतिहासको खोज खवर गरी लेख लेख्नु र यसको प्रतिक्रिया माग्नु निश्चय नै प्रशंसनीय छ ।

'थारु जाति' बारेको खोज खवरको शुरुवात विभिन्न विद्वानहरूद्वारा छिटफूट रुपमा उन्नैसौं शताब्दीदेखि नै भएको देखिन्छ । अधिकांश ती विद्वानहरू इष्ट इन्डिया कम्पनीमा कार्यरत अधिकारीहरू, मिशिनरीहरू र फगत यात्रीहरू थिए जो आफ्नो अध्ययन टिपोटलाई Ethnology को रूपमा दिएका थिए र तिनीहरू कहिल्यै पनि मानवशास्त्री थिएनन् । तर तिनीहरूका ग्रन्थहरूमा कमोवेश केही सूचना जानकारीहरू अवश्य पाउँछौं जुन थारु जाति बारे अध्ययन र अन्वेषण गर्ने इतिहासकार र मानवशास्त्रीहरूका लागि अवश्य लाभदायी छन् । म स्वयं बौद्ध भिक्षु, मानवशास्त्रको शिक्षार्थी र थारु समुदायसँग सम्बन्धित भएको हुनाले थारु जातिको इतिहास, समाज र संस्कृति प्रति चासो राख्नु स्वभाविक र कर्तव्य सम्झन्छु । यसै सिलसिलामा, गत वर्ष Royal Nepal Academy को अन्वेषणमूलक पत्रिका Journal of Nepalese Studies को 1999, Vol. 3 No. 1 अंकमा Searching the Orgion of Selfless Self. शीर्षकमा मेरो अन्वेषणको दोश्रो चरण Book Review र Hypothesis को प्रारुप, एउटा लामो लेखको रुपमा, प्रकाशित भएको थियो ।

कुनै पनि जाति, जनजाति अथवा समूह वा समुदाय आदिको सामाजिक र सांस्कृतिक अध्ययन अन्वेषण गर्न मानवशास्त्रीय सैद्धान्तिक ज्ञान र अन्वेषण विधिको ज्ञान हुनु आवश्यक छ । अझ पूर्विया समाज, खासगरी भारत र नेपालका विभिन्न जाति, जनजाति वा आदिबासीका सामाजिक, आर्थिक, राजनैतिक इतिहासको अध्ययन मानवशास्त्रीय अध्ययनको समानान्तर नै लानुपर्छ । किनकि पूर्विया समाज र संस्कृति उपनिवेश हुनु पूर्वका अफ्रीकाली, अमेरीकाली र ओशिनिया अष्ट्रेयाली समाज र संस्कृति जस्तो निश्चय नै इतिहास विहिन र संसारबाट अलग थलग कदापी थिएन र छैन । अत: खास समाजको खास पक्षको अध्ययन अन्वेषण गर्न खास अन्वेषण विधि ठम्याउनु नितान्त आवश्यक हुन जान्छ । अन्यथा त्यो अध्ययन अन्वेषण एथ्नोग्राफीक मोनोग्राफको सट्टा मनको भडास निकाल्ने माध्यम वा प्रलाप वा यात्रु सूचना मात्र हुन जान्छ । दुर्भाग्यवश यस्ता लेख रचनाहरू नेपालमा धेरै नै देखिन्छन् । जुन नितान्त सतही, पूर्वाग्रही र स्टिरीयोटिपीकल छन् र यसको नमूना हो हलुवाई वा हलवाई जी (मलाई विश्वास छ वहाँ एउटै व्यक्ति हुनुहुन्छ) को प्रकाशित उपरोक्त रचनाहरू ।

वास्तवमा उहाँको रचनाको अध्ययन गर्दा मैले त्यसमा इतिहास र मानवशास्त्रको गन्धसम्म पनि पाईन । जस्तै उहाँले पहिलो अनुच्छेदमा लेख्नु भएको छ "भारतको थार प्रदेशमा बसोवास गर्ने थारु जातिहरू तत्कालीन भारतका शासक राणा प्रतापका बलिया सेनाहरू थिए... ..." उहाँको यस गैर जिम्मेवारपूर्ण वाक्यको श्रोत के हो ? उहाँले उधृत गर्नु भएको छैन । वास्तवमा यस्ता मनगढन्त धारणाहरू उन्नाईसौं शताब्दीका तथाकथित कुर्सिनिष्ठ विद्वानहरूको देन हो जसलाई "थारु जाति" बारे अन्वेशण गर्ने सम्पूर्ण मानवशास्त्रीहरूले खण्डन गरिसकेका छन् । मैले पनि गरेको छु । तर पनि फेरि हचुवा पाराले यस्ता कुरा लेख्नु र प्रकाशन गरी दुष्प्रचार गर्नु मानवशास्त्रीय अन्वेषणको नीतिशास्त्र र आचारसंहिताको अवहेलना हुने गरेको छ । कमसेकम ती रचनाकारहरूको मानसिकता माथि संशय गर्ने प्रशस्त ठाउँ रहन जान्छ ।

अन्य मानवशास्त्रीय अन्वेषण झैं, थारु जातिको वैज्ञानिक अन्वेषण गर्दा यस्को Extensive र



Downloaded from http://www.dhamma.digital

Intensive एवं Etic, Emic र Cognitive अध्ययन गर्न जरुरी छ । थारु समुदायको प्रत्येक संस्थाहरू, सामाजिक संरचना, वैवाहिक र रक्तसम्बन्ध (Marriage and Kinship), वंशावली (Genealogy) यसको Rites and Ritual का Symbolic र Cognitive अध्ययन गर्नुपर्छ । यसका अतिरिक्त नेपाल र भारतका प्राचीन, मध्यकालीन र आधुनिक कालका विविध माध्यम र श्रोत जस्तै पुरातत्वशास्त्र, धर्मग्रन्थ, इतिहास, भूगोल र यात्रा वृतान्त आदिको तुलनात्मक अध्ययन पनि हुनु पर्छ । सारांशमा भन्नुपर्दा थारु जातिको सम्पूर्ण (Empirical र Holistic Studies) हुनुपर्छ । अन्यथा त्यो अध्ययन एकांगिक हुन जानेछ, जुन कमजोरी मैले थारु जातिको अध्ययन अन्वेषण गर्ने अधिकांश मानवशास्त्रीहरूका एथनोग्राफीक मोनोग्राफमा पाएको छु । हुन पनि, एउटा एथनोग्राफिष्टले कुनै पनि समाज संस्कृतिको संरचना, परिवर्तनशिलता र तिनका कारक तत्व मात्र हेर्ने हो न कि उसको इतिहास । तर निश्चय नै, थारु जातिको उत्पत्ति, उत्थान र पतन जान्न एथनोग्राफिक सूचना आवश्यक पर्न जान्छ र खास भन्ने हो भने एथनोग्राफिक डाटाको विना थारु जातिको उत्पति, उन्नति र च्यूति जान्न पनि सकिन्न ।

यहाँ हलुवाई ज्यूको लेखको समालोचना गर्दा संक्षिप्तमा म यतिकै भन्न चाहन्छु कि-

१. थारु जातिको उद्गम स्थान तराई हो । यो जाति बाहिर कहींबाट आएको होइन । जुन कुरा यसको Genealogical र Blood Culture बाट थाहा पाउन सकिन्छ । किनभने थारु जातिको रगतमा बी ग्रुपको अधिकताले के देखाएको छ भने, यी जाति कम्तिमा तीन हजार वर्षदेखि यही तराईमा नै बसेको हुनुपर्छ । पर्यावरणीय अनुकुलन (Environmental Adaptation) को प्रसंगमा थारुको शारिरीक बनोट, रगत र छालामा परिवर्तन (mutation) आएको हो । जुनकि मलेरिया इम्युनिटीमा सहायक सिद्ध भएको छ ।

२. थारु समुदाय नेवार झैं एउटा मिश्रीत प्रजाति हो । यसमा मंगोल, द्रविड र नर्डिक तीनै प्रजातिको तत्व छ । बस्तुत: प्रजातिबाद मिथ्या हो । आधुनिक शारिरीक मानवशास्त्रले के देखाएको छ भने संसारमा कोही पनि रगत शुद्धीको दावा गर्न सकिंदैन र रगतसँग Genes वा Heredity को कुनै सम्बन्ध पनि छैन ।

३. चु:कि तराई प्राचीनकालदेखि मध्यकालसम्म बौद्ध र जैन दुबै धर्मको उद्गम स्थल र कार्यक्षेत्र भएकोले थारुहरू बौद्ध हुनु पर्छ वा बुद्ध धर्मबाट निश्चित नै प्रभावित भएको हुनु पर्दछ । मेरो अध्ययनले त के दर्शाउँछ भने थारु निश्चित रुपमा बौद्ध हुन् । थारु शब्दको ब्युत्पत्ति थावर अथवा थेर शब्दबाट नै भएको हो । अर्को कुरा, थारु जातिका विविध गोत्रहरू जस्तै - बच्छार बैशालीका बच्छ गोत्रीय बन्धु हुन्, बच्छपुरिया अबन्तिका बत्सपुत्रियहरू हुन्, हल्दलिया प्राचीन कोलीय रामग्रामका हल्लिदबसन बासीहरू हुन्, कुकुरपुज्वा प्राचीन देवदहका कुकुरव्रतिकहरू हुन्, त्यसैगरि मल्लवरिया प्राचीन कुशीनगरका मल्लहरू हुन् । यिनीहरू भगवान बुद्धको शिक्षाको प्रभावमा बौद्ध भएका थिए ।

४. थारु जातिमा प्राचीन शाक्य र कोलियको अवशेष छ । जो आज महर्षिया र कलियाहाको रुपमा चिन्न सकिन्छ । यिनीहरूको राज्य कोशल राज्यको अधिनमा भएको हुनाले यिनीहरूको स्थानान्तरण हुँदा कुचिला थारु कहलिएका हुन् । प्राचीन शाक्य र कोलियका रीतिथीति, परम्परा र वर्जन आदि अद्यावधि पनि तिनीहरूको संस्कृतिमा विद्यमान हुँदा अड्कल गर्न सकिन्छ ।

५. प्राचीन बुद्धकालीन भूगोल अनुसार शाक्य गणराज्य, कोलिय गणराज्य, मल्ल, लिच्छिवी, बुली गणराज्य आदि प्राचीन तराई प्राचीन जनजातिका हुन् । मानवशास्त्रीय अध्ययनले के देखाउँछ भने आदिबासीहरूको सम्बन्ध जन्मभूमीसँग अटुट हुन्छ । तिनीहरूको Core Area र Core Culture हुन्छ । जसरी अफ्रिकालीहरू जतिसुकै संख्यामा बाहिरिए पनि अफ्रिकामा अफ्रिकालीहरूको निशेष हुन्न । त्यसरी नै तराईका जनजातिहरू जतिसुकै बाहिर स्थानान्तरण भए पनि ती जनजातिहरू आफ्नो आदिम स्थानमा नै छन् । यसको मुख्य कारण Economic Base हो । किनभने ती जनजातिहरू कृषिमा आधारित थिए र कृषियोग्य जमीन चटक्क छोडेर बाहिर जानु प्राय: सम्भव हुँदैन । बरु त्यहाँ विस्तारण हुने सम्भावना बढीरहन्छ ।

६. थारुको जनजातिय संगठनहरू प्राचीनतम गणराज्यको विशेषता बोकेका छन् । जस्तै चम्पारण थारुका जनजातिय संगठन 'दह' देवदहका अवशेष हुन् । कोचिला थारुका गादी चौरासी र गोष्ठी, प्राचीन गणतन्त्रिय र बौद्ध अवधारणामा आधारित छ ।

७. नृभाषाशास्त्रीय अध्ययन गर्दा थारुका ठेठ शब्दावलीहरू अझ पनि प्राचीन प्राकृतिक र पाली भाषाका शब्दावलीसँग सम्बन्ध राखेको देखिन्छ ।

८. मानव समाज र संस्कृतिको स्वभाव गतिमान र परिवर्तनशील छ, अनुकुल वा प्रतिकुल अवस्थामा अरु जटिल प्रक्रियाहरूका साथै Fission र Fusion पनि हुन्छ । यसै कारणले तिनीहरू विभिन्न भएर पनि एक हो र एक भएर पनि विभिन्न छन्, अर्को शब्दमा भन्ने हो भने चु:कि तिनीहरू बुद्ध धर्म स्वीकार्नु अघि उनीहरूका आफ्नै लोक धर्म र संस्कृति थिए । जब तिनीहरू बौद्ध धर्मको थेरवादी निकाय स्वीकारे तब तिनीहरू थारु कहलाए । तर कालान्तरमा तिनीहरू विविध समयमा विभिन्न प्रक्रियाहरू जस्तै हिन्दूकरण, सामाजिक विखण्डन, स्थानान्तरण आदिले गर्दा तिनीहरूमा धेरै नै परिवर्तन आए । र भारतमा बुद्धधर्मको ह्राससँगै तिनीहरूले बुद्ध धर्म बिर्सेर गए । त्यसैले हामी थारु जनजातिलाई विविध रुपमा देख्छौं ।

अन्तमा म प्रमोद हलुवाईजीसँग के मा सहमत छु भने, थारु जाति निश्चय नै तराईका आदिवासी हुन् । विभिन्न मानवशास्त्री, समाजशास्त्री र अन्य विद्वानहरूले यस जातिका सामाजिक र सांस्कृति इतिहासमा रुची राखेर अनुशन्धान गरिसकेको भएतापनि ती अनुसन्धानहरू थारु जातिका सबै समूहलाई समेट्न सकेको छैन । अहिले पनि विविध विषयमा अनुसन्धान गर्न बाँकी नै छ । र ती अनुसन्धान कुनै पनि पूर्वाग्रह बिना गरिनु पर्छ । यसमा केही समस्याहरू पनि देखिन्छन् - जस्तै अनुसन्धानकर्ताहरू छद्मभेषी Ethnocentric हुनु, अनुसन्धान गर्ने बजेटको शुन्य हुनु र अनुसन्धान विधि र प्रविधिको चुनावमा त्रुटी हुनु आदि । तैपनि आशा गरौं आउँदा दिनहरूमा यी कमी कमजोरी हटी परिशुद्ध अनुसन्धान हुनेछन् ।

**नगरमण्डप श्रीकीर्ति विहार**
कीर्तिपुर

# "दान-त्यागचित्त"

✍ **भिक्षु संघरक्षित;** संघाराम

**पलपलमा जागृत मनभित्रको चेतना लोभलाई**
**दूर-सुदूर बाढी बनी परित्याग गर्न सक्ने**
**अस्तित्त्व जलाई दिने तेजिलो अग्निस्वरूप भई**
**दान हो यो दान श्रद्धा र त्याग चित्तले गर्ने**

**परजन सामु नै मात्र गर्नलाई प्रदर्शन**
**संस्कार परम्परागत भनी नबुझी-नबुझिकन**
**अनिच्छाले अन्यको करकापमा दिनेलाई दान**
**हुन्न दान, सक्तैन चित्त प्रशन्नताले छाउन ॥**

**सम्पूर्ण भौतिक दान प्रदान-दान पारमिता**
**कायिक अंग-प्रत्यंग झिकीदिने-दान उपपारमिता**
**प्राणैसम्म त्यागी दिने दान-परमत्थ पारमिता**
**बोधिसत्वले गर्ने हो यो बोधिसत्वचर्या ॥**

**बाह्य श्रीसम्पत्ति त्याग गर्ने 'आमीस दान'**
**भयमुक्त आफूद्वारा प्राणीलाई गर्ने 'अभय दान'**
**प्रज्ञायुक्त नर बनाउने, क्लेशमुक्त पनि गराउने**
**सुन्नु र सुनाउनु धर्मोपदेश नै हो 'धर्मदान' ॥**

**सयौं पशुपंक्षी भन्दा सर्वश्रेष्ठ मूर्ख नरलाई दान**
**असंख्य असत्पुरुषभन्दा अग्र सत्पुरुषलाई प्रदान**
**अनगिन्ती पण्डितजन भन्दा उच्च निक्लेशीलाई दान**
**असल जगगामा धेरै अन्न सद्‌बीजले दिन्छ जान ॥**

**आदि-मध्य र अन्तसम्म परिशुद्ध चित्त बन्नुपर्ने**
**स-श्रद्धा, ग्रहणकर्ता र दानबस्तु हुनुपर्ने**
**आफू गरौं अरुलाई सदा उत्प्रेरित गराऔं**
**दु:खमूल, पापमूहान लोभ नाश गरौं-गराऔं ॥**



Downloaded from http://www.dhamma.digital

२०५७ मंसीर १७ गते । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आफ्नो नियमित शनिवारीय कार्यक्रममा मंसिर १७ गतेका दिन लुम्बिनीमा सम्पन्न भएको– "अल्पकालिन प्रव्रज्या शिविर" कार्यक्रममा सहभागी हुनेहरूको आफू प्रव्रजीत हुनपाउंदाको आफ्नो अनुभव सुनाउने भनी क्लास संचालन गरियो । उक्त कार्यक्रमको संचालक श्री श्याम लाल चित्रकार र रिर्पोटर सुश्री तारा डंगोल हुनुहुन्छ ।

अल्पकालीन प्रव्रज्या शिविरमा प्रव्रजीत हुनेहरूले आ-आफ्नो अनुभव यसप्रकार व्यक्त गरियो:–

१) राजा बज्राचार्य :

अल्पकालिन प्रव्रज्या शिविर एकदम आवश्यक र अति महत्वपूर्ण छ । यस शिविरमा भाग लिएर बुद्ध शिक्षा भनेको नै शील, समाधि र प्रज्ञा हो भन्ने कुरा बुझें । साथै आफूले भिक्षु जीवनको अल्पकालीन भएपनि अनुभव गर्न पाएँ । त्यसकारण "अल्पकालीन प्रव्रज्या" अति नै महत्वपूर्ण छ । यो शिविर वर्षैपिच्छे हुनुपर्दछ । जसबाट हामीले बुद्ध शिक्षालाई प्रचार प्रसार गर्न सकिन्छ ।

२) मन्दिरा महर्जन :

मैले यस्तो शिविरमा भाग लिएको पहिलो पटक हो । त्यसकारण ध्यान बस्न सकिएन । तर गुरुको प्रवचनले गर्दा ध्यान हाम्रो जीवनमा अति आवश्यक छ भन्ने कुरा थाहा पाएँ । त्यसकारण यस कार्यक्रममा सहभागी हुन पाएकोमा आफू एकदम भाग्यमानी सम्झन्छु ।

३) कृष्ण कुमार प्रजापती:

धर्मकीर्ति मासिक पत्रीका अंक ३ मा प्रकाशित सूचनाबाट यस शिविरमा भाग लिन पाएको हो र साथै अरु साथीहरूलाई पनि ल्याएको हो ।

सर्वप्रथम, धर्मकीर्ति अध्ययन गोष्ठी परिवारलाई स-धन्यवाद ज्ञापन गर्न चाहन्छु कारण यस्तो अमूल्य कार्यक्रम संचालन गर्नुभएकोमा । यस शिविरले गर्दा भगवान बुद्धको साथ साथै भिक्षुहरूको जीवनलाई ७ दिन भएपनि अनुभव गर्ने मौका पाएँ । यसले गर्दा आफूले बुद्ध अंश दु:ख गरेर ७ दिनभए पनि प्राप्त गरें जस्तो लाग्यो । यसले गर्दा बुद्ध शिक्षा अझबढि जान्ने मौका पाएँ ।

४) सुशिल ताम्राकार :

यो शिविर पहिलो चोटि भएकोले २ घण्टाको ध्यान बस्न एकदम गाह्रो भयो । चंक्रमण गर्दापनि मनलाई एकाग्रह गर्न सकिन । तर मनुष्य जीवनमा एकचोटी भएपनि भिक्षु हुनपाएको नै मेरो ठूलो उपलब्धी हो ।

५) साउराज शाक्य :

यस शिविरमा आफू प्रव्रजित भएर यो कुरा सिक्न मौका पायो कि भिक्षु जीवन भनेको नै भिक्षा लिई जीउन सक्नुपर्ने जीवन हो । अनुशासित हुनु पर्ने सादा जीवन हो । यो अनुभव नै मेरो ठूलो उपलब्धी हो ।

६) मनेस डंगोल :

यस्तो ध्यान शिविरमा भाग लिएको पहिलो चोटि भएको हुनाले २ घण्टाको ध्यान त्यति राम्ररी बस्न सकेन तर गुरुको प्रवचनले गर्दा आफ्नो जीवन सुचारूरूपले जीउन ध्यानको अति आवश्यक भन्ने कुरा थाहा पाएँ । साथै भिक्षु जीवन कस्तो हुन्छ भन्ने कुरापनि अनुभव गर्ने मौका पाएँ । त्यसकारण धर्मकीर्ति अध्ययन गोष्ठीलाई मेरो तर्फबाट धेरै धेरै कृतज्ञता ज्ञापन गर्दछु र भविष्यमा पनि यस शिविरलाई निरन्तर संचालन गरोस् भनी कामना गर्दछु । साथै यस शिविरको अन्तिम दिनमा पूज्य भिक्षु अश्वघोष र पूज्य गुरुमाँ धम्मवती को धर्मदेशनाबाट सातदिनको निचोड सुन्न पाएर ध्यान र प्रव्रज्या विषयमा बढि बुझ्ने मौका पाएँ । यस्तो धर्मदेशना अति आवश्यक छ ।

७) कपिल शाक्य :

यस कार्यक्रममा भाग लिन पाएकोले आफू कसैको भरमा बाँच्नु हुँदैन, साथै जे काम कुरो गर्दा पनि बढि होशियारका साथ गर्नुपर्दछ र आफ्नो सोच, स्वभावलाई राम्रो पार्न अरुले होइन आफैंले नै गर्नुपर्दछ । आफ्नो मनलाई आफैले नियन्त्रण गर्नुपर्दछ । यस अल्पकालीन प्रव्रज्याले आफ्नो जीवन सुचारूरूपले संचालन गर्न एकदम आवश्यक छ भन्ने पाठ पनि सिकें र भिक्षु जीवनको पनि अनुभव गर्ने मौका पाएँ ।

८) जनक सिं मानन्धर :

यस कार्यक्रमले गर्दा आफूले जे गऱ्यो त्यहि अनुसारको फल प्राप्त हुन्छ । आफूलाई आफैले मात्र सुधार गर्न सकिन्छ । अरुले सुधार गर्न सक्दैन भन्ने कुरा सिकें । जुन शिक्षा हामीले बुझ्नु अति आवश्यक छ । त्यसकारण यस्तो शिक्षा यस्तो शिविरले दिन सक्छ । यो शिविर अति नै महत्वपूर्ण र आवश्यक छ ।

९) श्यामलाल चित्रकार :

यस शिविरले मलाई परियत्ति, पत्तिपत्ति र प्रतिवेध शिक्षा कति आवश्यक छ भन्ने शिक्षा सिक्न मौका पाएँ । आफ्नो जीवन सुचारूरूपले संचालन गर्न अनुशाशनको पनि एकदम आवश्यक छ भन्ने कुरा पनि सिक्ने मौका पाएँ ।

अन्त्यमा सुश्री तारा डंगोलले तपाईहरू सवैको अनुभव सुनेर एकदम राम्रो लाग्यो । भविष्यमा पनि यस कार्यक्रमलाई सफल पार्न तपाई सवैको सहयोगको अपेक्षा राख्नु । यो शिविर साँच्चिकै अति महत्वपूर्ण र आवश्यक छ । यस शिविरले गर्दा यस संसारमा ५ वटा दुर्लभको अनुभव गर्न सकिन्छ । भन्नुहुँदै उक्त दिनको क्लासलाई समाप्त गर्नुभयो ।

उक्त दिनको क्लास संचालक श्री श्यामलाल चित्रकार र रिर्पोटर सुश्री तारा डंगोल हुनुहुन्छ ।

**२०५७ कार्तिक १९ गते ।**

यसदिन श्री बरदेश मानन्धर ज्यूबाट "अध्ययन गोष्ठिमा आएर आफ्नो व्यावहारिक दैनिक जीवनमा प्रत्यक्ष रूपमा के-कस्तो फाइदा भएको छ ? भन्ने बारेमा सहभागीहरू बीच छलफल गराउनु भयो ।

छलफलमा उपस्थित सहभागीहरूले व्यक्त गर्नु भएका विचारहरू–

इन्द्रावती गुरुमाँ– म त्यागी हुनु भन्दा पहिला अध्ययन गोष्ठिका एक सदस्य थिएं । भन्ते गुरुमाँहरू र गोष्ठिका पुराना सदस्य दाज्यूहरूबाट भित्रि मन देखि क्लास लिनु भई अध्ययन गोष्ठिलाई भित्रि हृदयदेखि सहयोग गर्नु भएको देखेर आफूले पनि त्यस्तै गर्ने प्रेरणा लिएको छुं । अहिले आफूले पनि त्यस्तै भावनाले बच्चाहरूलाई पढाई राखेको छु ।

धन भाजु महर्जन– म अध्ययन गोष्ठिमा आएको धेरै भएको छैन । यो क्लासमा आएर मानसिक चिन्ता कम भएको अनुभव हुन्छ । क्लासमा आउन अघि विभिन्न चिन्ताले मन दिक्क भइरहेको छ भने पनि क्लासमा बसीसकेपछि मन आनन्द हुन्छ । ब्याट्री रिचार्ज (Recharge) गर्ने जस्तो मलाई पनि यहाँ क्लासमा आयो कि काम गर्ने बेला शक्ति बढेको महशुस हुन्छ । मेरो आमा विहारमा आइरहनु भएकोले म पनि आउन पाएँ र त्यस्तै गरि मैले पनि आफ्नो छोराछोरीहरूलाई यही बाटोमा ल्याउनेछु ।

मन्दिरा महर्जन– म अध्ययन गोष्ठिमा आएको एक महिना मात्र भयो । तर प्रत्येक हप्ताको कक्षा सकिने बित्तिकै अर्को हप्ताको अध्ययन गोष्ठिको कक्षाको प्रतिक्षा हुनथाल्छ । आफूलाई अध्ययन गोष्ठिमा आउनु पाउनु एकदम गौरव लागिरहेको छ । आफूभन्दा जान्ने सुन्ने संग बसेर ज्ञान शिक्षाका कुरा गर्न पाएकोले एकदमै खुशी लागेको छ । आफूले अध्ययन गोष्ठिबाट धेरै कुरा सिक्न पाउने एवं अरु साथीहरूलाई पनि बुझाउन सक्ने आशा लिएको छुं ।

रोशन तुलाधर– हप्ताको २ घण्टा अध्ययन गोष्ठिमा आएर हप्ताको अरु बाँकी सवै घण्टा व्यावहारिक क्षेत्रमा काम गर्न निकै सहयोग मिलेको छ । आफू नियमित रूपमा अध्ययन गोष्ठिमा आईरहेको छु ।

श्यामलाल चित्रकार– अध्ययन गोष्ठिमा आउन पाएको धेरै बर्ष भएको छैन । आफू अध्ययन गोष्ठिको सदस्य हुनुमा ढिलो भएकोमा दु:ख लाग्दछ । किनकी हरेक मानिसको आ-आफ्नो व्यावहारिक जीवन सफल असफल भन्ने हुन्छ । आफू अध्ययन गोष्ठिमा आएपछि आफ्नो व्यवहारिक जीवनमा पहिला भन्दा सफल भएको अनुभव गरेको छु । यदी, पहिला देखि आउन पाएको भए अझ यो भन्दा धेरै सफल हुन्थ्योकी जस्तो लागी रहन्छ ।

उद्योग रत्न तुलाधर- अध्ययन गोष्ठिमा आएको बेला मन आनन्द हुन्छ । हरेक व्यक्तिलाई व्यवहारमा विभिन्न किसिमका समस्या कठिनाईहरू आइरहेको हुन्छ नै । त्यस्ता व्यवहारिक समस्यालाई (आफू) अध्ययन गोष्ठिमा आइरहेको कारणले सहजै रुपमा सामना गर्न सकेको छ जस्तो लाग्छ प्रत्येक अध्ययन गोष्ठिको



Downloaded from http://www.dhamma.digital

क्लासबाट फर्कदा मन आनन्द हुन्छ र स्फूर्ति बढे जस्तो लाग्छ ।

अरुण सिद्धी तुलाधर– अध्ययन गोष्ठिमा आउनु पाएकोमा आफूलाई निकै गौरव लाग्छ । जुनवेला अरु साथिहरूको संगतमा नपरि आफू अध्ययन गोष्ठिमा प्रवेश गरेर आफूले आज निकै क्षेत्रमा उपलब्धी हासिल गरे जस्तो लाग्छ । यो सबै अध्ययन गोष्ठिको श्रेय हो । आज आफूलाई एकदम खुशी लागेको छ र अरु साथिहरूलाई पनि ज्ञान गुणका कुराको जानकारी दिन सक्षम भएको छु र दिदैं आएको पनि छु ।

सानुमैयाँ महर्जन– अध्ययन गोष्ठिबाट धेरै शिक्षा पाएको छु र अध्ययन गोष्ठिको शिक्षाले व्यवहारमा बस्न निकै सहयोग मिलेको छ । अध्ययन गोष्ठिको शिक्षा आफूलाई निकै महत्वपूर्ण लागेको छ ।

दुर्गालाल सिं– म अध्ययन गोष्ठिमा आएर धेरै कुरा सिक्न पाएँ । अझ यो भन्दा पनि बढी सिक्ने आशा गरेको छुं । पुरा सन्तोषजनक रूपमा पाएको छैन । जति आशा गरेको हो, त्यति पाए जस्तो लागेको छैन ।

अन्तमा, सहभागीहरूको आ-आफ्नो अनुभव-विचार व्यक्त गर्ने क्रमपछि, श्री बरदेश मानन्धर ज्यूले भन्नुभयो– "सबैको अनुभवबाट अध्ययन गोष्ठिको कक्षा हाम्रो आ-आफ्नो व्यावहारीक जीवनमा विविध प्रकार उपयोगी भएको प्रष्ट हुन्छ । हाम्रो आफ्नो जीवनमा सकारात्मक परीवर्तन ल्याउनकोलागि हामी आफू भित्र र आफ्ना वरीपरीका व्यक्ति र वातावरणमा पनि सकारात्मक परीवर्तनको आवश्यकता हुने गर्दछ । त्यस्का परीवर्तनका लागि एक मात्र नभई विभिन्न प्रकारका उपायहरू (Tools) आवश्यकता हुने गर्दछ । अध्ययन गोष्ठिले त्यस्ता सबै उपाय (Tools) प्रदान गर्न नसकेपनि धेरै प्रदान गर्न सकेको कुरा सबैको अनुभवबाट स्पष्ट भएको छ ।

तसर्थ २५–३० बर्ष देखि नियमित र निरन्तर रूपमा साप्ताहिक कक्षा सञ्चालन हुन्दै आउनु कम महत्त्वको कुरा होइन अध्ययन गोष्ठिको कक्षालाई अझ बढी उपयोगी र सक्रिय बनाउन सकौं" ।

*प्रस्तुति : अमृतशोभा+सानुमैयाँ महर्जन ।*

## "अल्पकालीन प्रव्रज्या शिविर कार्यक्रमको सूचना"

*रिर्पोटर : सुश्री तारा डंगोल*

२०५७ मंसीर ८ गते देखि २०५७ मंसीर १५ गते सम्म धर्मकीर्ति अध्ययन गोष्ठीको वार्षिक कार्यक्रम मध्ये "अल्पकालीन प्रव्रज्या शिविर" लुम्बिनी स्थित गौतमी विहार, अन्तर्राष्ट्रिय भिक्षुणी संघ लुम्बिनीमा "बर्मी भन्ते उ.आशिन ञाणिस्सर सयादो" को निर्देशनमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आयोजना गरि सम्पन्न गरियो ।

उक्त शिविरमा अल्पकालीन उपसम्पदा प्रव्रजित हुनेहरू ३६ जना, गुरुमांहरू ३ जना, ऋषिणी १५ जना ध्यान मात्र गर्ने १ जना गरि जम्मा ५६ जनाले भाग लिएका थिए । जुन निम्न प्रकारका छन्:–

*उपसम्पदा:–*

जनक सिं मानन्धर, न्हुछे कुमार सिंकेमन, नरेन्द्र मणि तुलाधर, बुद्ध रत्न कंसाकार, जुजुकाजी महर्जन, अमृत मान सिं बनिया, श्याम लाल चित्रकार, रत्नलाल मानन्धर, बुद्धिमान राजबाहक, काजिलाल डंगोल, रत्न बहादुर बांडे, नारायण डंगोल, कृष्ण कुमार प्रजापति, ज्ञानराज शाक्य, सत्य राजा मानन्धर, राजा बज्राचार्य, कविराम खड्का, सुरेश बहादुर नकर्मी, आशा काजी कपाली, तेज कुमार बाडे, सुर्य लामा, जयराम भतां, धुब राज बज्राचार्य, अशोक रत्न शाक्य, दिपेन्द्र मणि तुलाधर, सुरेश मानन्धर, भाईराम मेजु, सुरेश महर्जन, राज कृष्ण बाडे, बाल कृष्ण तको, समिन राज शाक्य, मनेश मान डंगोल, कपिल शाक्य, साउराज शाक्य, सुसिल ताम्राकार, सुमन बज्राचार्य ।

*गुरुमांहरू:–*

बेखामाया बज्राचार्य, कान्छि वज्राचार्य, कृष्णमाया महर्जन ।

*ऋषिणी:–*

सुभ्रदा चित्रकार, लक्ष्मी हेरा स्थापित, बिणा राजबाहक, सरीता कर्माचार्य, पेमा श्रेष्ठ, मन्दिरा महर्जन, संगिता शाक्य, हेराशोभा शाक्य, सर्मिला बज्राचार्य, गौरी बज्राचार्य, रमिता शाही, चन्द्र देबी तुलाधर, विजय लक्ष्मि शाक्य, सुभ्रदा स्थापित, एलिसा शाक्य ।

*ध्यानगर्ने:–*

न्हुछेमाया महर्जन, सविता बज्राचार्य ।

**मैत्रीसंघ पोखराको वार्षिकोत्सव तथा साधारण सभा**
२०५७ कार्तिक २४ गते। स्थान- पोखरा।

नारायण स्थान मैत्री चैत्यको प्राङ्गणमा नवनिर्मित सामुहिक विपश्यना ध्यानकक्ष मैत्री संघ, भवनमा मैत्रीसंघ, पोखराको चौंथो वार्षिक उत्सव तथा साधारण सभा सुसम्पन्न भयो। सामुहिक चैत्य पूजा र कर्मशीला गुरुमाँबाट भएको शील प्रार्थना पछि शुभारम्भ भएको संघको वार्षिक उत्सव कार्यक्रममा तानसेन पाल्पाकी गुरुमाँ धम्मदिन्नाले पशुलाई समेत सद्कर्मको प्रभाव पर्ने अवस्थामा मानिसमा यसको झन बढी आवश्यकता र महत्व रहेको वारे छोटो धर्मकथा सुनाउनु हुँदै सवैमा शीलवान र चरित्रवान हुन आग्रह गर्नुभयो।

शुभकामना मन्तव्य व्यक्त गर्ने क्रममा पोखराकी समाजसेवी उत्तरकुमारी पालिखेले समाज सेवा र बहुजन हिताय बहुजन सुखाएका लागि गरिने काममा युवा अवस्थामै लाग्नु पर्ने बताउनु हुँदै बूढेशकालमा ती प्रयासहरू मनले चाहेर पनि तनले नदिने हुँदा मैत्रीसंघ संग आबद्ध युवाहरूले आफ्नो ४ वर्षको अति छोटो कार्यकालमै लोक हितकारी लोक कल्याणकारी विपश्यना साधना कक्ष बनाउन सफल भएकोमा मुरी मुरी धन्यवाद र शुभकामना दिन्छु भन्नुभयो। यसैगरी मैत्रीसंघ, पोखराका सदस्य तथा हेल्भेटास पोखराका साधक बोधिरत्न बज्राचार्यले हेल्भेटासका विपश्यना साधक साथीहरूले मैत्रीसंघलाई गर्दै आइरहेको साधारण सहयोगमा मैत्रीसंघले बाल बालिकाकालागि जुन उपलब्धि मूलक कार्यक्रम दिन सकेको छ यसले सहयोगी साथीहरूमा हौसला प्रदान गरेको छ भन्नुभयो।

मैत्रीसंघ पोखराका अध्यक्ष विश्वरत्न शाक्यले आफ्नो धन्यवाद ज्ञापन गर्ने क्रममा आध्यात्मिकताको खोजी सम्प्रदायमा नभएर सुद्धचित्तले आफ्नै अन्तरमनभित्र गर्नु पर्ने बताउनु हुँदै मैत्रीसंघको प्रयास विशुद्ध आध्यात्मिकताको प्रवर्धन हो, भन्नुभयो।

चौंथो वार्षिक उत्सवको प्रथम चरणको कार्यक्रममा संघका सचिव गोविन्द ताम्राकारले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने कोषाध्यक्ष नीलकण्ठ उदासले रू. १४७३८३/- को आम्दानी र रू. १२२७४१/- खर्च सहितको वार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। वार्षिक उत्सव कार्यक्रममा लायन्स क्लव अफ अन्नपूर्ण पोखराको सहयोगमा विसान सिंगापुरबाट प्राप्त लूगाफाटाहरू मैत्री शिक्षा समूह आसपासका गरीव तथा असहाय ११५ जना बालबालिकाहरूलाई गुरुमाँ कर्मशीलाले वितरण गर्नु भएको थियो।

वार्षिक उत्सव कार्यक्रमको दोस्रो चरणमा भएको संघको नयाँ कार्यसमितिको निर्वाचनमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्षमा क्रमस गोविन्द ताम्राकार, विक्रम उदास, भूवन ताम्राकार, नवीन उदास र सरोज शाक्य निर्विरोध निर्वाचित हुनु भएको छ। यसैगरी सदस्यहरूमा दीपकलाल उदास, सुश्री सुनिता ताम्राकार वृजमान ताम्राकार, नारायण ताम्राकार, नीलकण्ठ उदास र सकेन्द्र ताम्राकार निर्विरोध निर्वाचित हुनुभएको छ।

चौंथो वार्षिक उत्सव तथा साधारण सभाको अध्यक्षता संघका अध्यक्ष विश्वरत्न शाक्यको अध्यक्षतामा भएको थियो।

**थाइलैण्डमा बौद्ध सम्मेलन**
२०५७ मंसिर २० देखि २५ गते सम्म।

विश्व बौद्ध भातृत्त्व संघको एक्काइसौं सम्मेलन थाइलैण्डका राजधानी बैंककमा सम्पन्न भएको समाचार छ। उक्त समाचार अनुसार श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट उक्त सम्मेलनको लागि शुभकामना सन्देश पठाइबक्सनु भएको थियो। यस सन्देशलाई धर्मोदय सभाका अध्यक्ष र विश्व बौद्ध भातृत्त्व संघका उपाध्यक्ष लोक दर्शन बज्राचार्यले पढेर सुनाउनु भएको थियो।



Downloaded from http://www.dhamma.digital

उहाँको नेतृत्त्वमा धर्मोदय सभाका महासचिव सुवर्ण शाक्य, कोषाध्यक्ष पद्मज्योती, सहकोषाध्यक्ष सागरमान बज्राचार्य, सल्लाहकार जुलुम शाक्य र धर्मोदय सभा लुम्बिनी शाखाका सचिव समेत गरी जम्मा ६४ जवान ब्यक्तिहरूको नेपाली प्रतिनिधि मण्डलले उक्त सम्मेलनमा भाग लिएका थिए ।

उक्त सम्मेलनको सिलसिलामा सम्पन्न भएको विश्व बौद्ध भातृत्त्व युवा संघको बान्हौं सम्मेलनमा भाग लिनको लागि युवा संघका क्षेत्रीय केन्द्र युवक बौद्ध मण्डल नेपालका अध्यक्ष चन्द्रमान शाक्यको नेतृत्वमा पनि एक समूहले भाग लिएको थियो ।

## बौद्ध जागरण प्रशिक्षण शिविर र राष्ट्रिय जनगणना


२०५७ कार्तिक २६ देखि मंसीर २३ गते सम्म ।
स्थान- दोलखा ।

सम्त्यान छ्युोस्लिङ्ग गोंम्पा श्यामा दोलखा र हिमाली बौद्ध शिक्षण संस्था पाटनको संयुक्त आयोजनामा दोलखामा ८ दिने बौद्ध जागरण प्रशिक्षण शिविर सम्पन्न भएको समाचार प्राप्त भएको छ । रामेछाप र दोलखा जिल्लामा तामाङ्ग लामा, शेर्पा लामा, जिरेल लामा र थामी लामा गरी जम्मा ७५ जवान सहभागी लामा र अन्य प्रतिनिधी तथा पर्यवेक्षकहरूको उपस्थिति रहेको उक्त शिविरमा सम्त्यान छ्युोस्लिङ्ग गोंम्पाका प्रमुख लामा तथा वरिष्ठ प्रशिक्षक खेनपो ङवाङ्ग वोशेर लामाको सभापतित्वमा संचालित भएको थियो । उक्त शिविरमा मालि गा.वि.स. का उपाध्यक्ष सानी शेर्पा, नेपाल बौद्ध जागरण लामा संघका अध्यक्ष श्री पेमा लामाले बौद्ध जागरण प्रशिक्षण शिविरबारे आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए । थोथोङ गोम्पाका प्रमुख लामा तथा अतिथी ङ्वाङ छ्योज्योर लामाले सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्नु भएको थियो । उक्त शिविरमा आचार्य नागार्जुनको "सुहृद लेख" नामक ग्रन्थ बारेमा गुरु खेनपो ङवाङ वोशेर र आचार्य ङवाङ लुडुप लामाले प्रशिक्षण दिनु भएको थियो र बुद्ध वचन कग्युर पनि पाठ गरिएको थियो । उक्त कार्यक्रम कग्युर छ्योछोग समितिका सदस्य सोनाम फुनछोम लामाले संचालन गर्नु भएको थियो ।

सोहि अवसरमा मिति २०५७ साल कार्तिक २६ गते नेपाल जनजाती महासंघ सम्पर्क विभागका सचिव श्रीमती आङदावा शेर्पाज्यूको अध्यक्षतामा एक अध्यक्ष मण्डल गठन गरी राष्ट्रिय जनगणना २०५८ को सही तथ्यांक संकलन विषयमा व्यापक छलफल गरी राष्ट्रिय जनगणना २०५८ को सही तथ्यांक संकलन सम्बन्धि समस्या र समाधानका उपायहरूको निष्कर्श निकालिएको समाचार छ ।

## "श्रद्धाधन" पुस्तक विमोचन

२०५७ मंसीर २६ गते सोमवार-योमरी पुन्ही, स्थान- आनन्दकुटी विहार ।



*संघनायक भिक्षु अनिरुद्ध महास्थविरद्वारा "श्रद्धाधन" पुस्तक विमोचन गर्नुहुँदै*

यसदिन ऐतिहासिक आनन्दकुटी विहारमा भिक्षु संघरक्षितद्वारा रचना गरिएको सप्तरत्न आर्यधनमध्ये पहिलो धन "श्रद्धाधन" कृतिका रुपमा नेपालका संघनायक भिक्षु अनिरुद्ध महास्थविरद्वारा विमोचन कार्य सम्पन्न भयो ।

उपस्थित जनहरूमा पुस्तक वितरणपश्चात कुमार काश्यप भन्ते, धर्ममूर्ति भन्ते आदिद्वारा पुस्तक सम्बन्धि मन्तव्य व्यक्त गर्नुभयो । तत्पश्चात् पुस्तकका लेखक भिक्षु संघरक्षितद्वारा "श्रद्धाधन" पुस्तक एवं विषयमाथि प्रकाश पार्नुहुँदै धर्मोपदेश कार्यक्रम पनि सुसम्पन्न भयो ।

आचार्य भिक्षु अश्वघोष महास्थविर प्रमुख बृहद भिक्षु-गुरुमाँहरू, उपासक-उपासिकहरूको उपस्थिति भएको उक्त कार्यक्रम बौद्ध चर्या अनुरुप श्रद्धेय संघनायक भन्तेद्वारा पुण्य-अनुमोदन सामूहिक रुपमा सम्पन्न गर्नुभएर पुस्तक विमोचन कार्यक्रम पनि समापन गरियो।

स्मरणीय छ, प्रत्येक पूर्णिमामा झैं बुद्ध पूजा धर्मदेशना पश्चात् यसदिन पनि उपस्थित सम्पूर्ण भन्ते गुरुमाँहरू तथा उपासक-उपासिकाहरूलाई भोजनको व्यवस्था गरिएको थियो।

## युवा बौद्ध संघ

यस युवा बौद्ध संघ विराटनगर ले स्थापना काल देखी युवाहरूमा बौद्ध धर्म प्रचार गरी आएको कुरा यहाँहरूलाई अवगत नै छ होला। त्यस सम्वन्धमा बुद्ध जयन्ती मनाउने, बौद्ध हाजिरी जवाफ प्रतियोगिता, बौद्ध चित्रकला प्रतियोगिता, रक्तदान कार्यक्रम, विराटनगर बाहिर गई बौद्ध धर्म प्रचार प्रसारका लागी बुद्ध पूजा, बुद्ध प्रवचन, धर्मोदय सभाका कार्यक्रम, ज्ञानमाला भजन संघका कार्यक्रमहरूमा सहभागी भई युवा वर्गमा प्रचार प्रसार गर्दै आईरहेका छौं। यस संघले युवाहरूमा धर्म प्रचार मात्र नगरेर उनीहरूको मन, समय एवं परिस्थिती अनकुल विविध कार्यक्रम गर्दै जाने छ। जस अनुसार यहि २०५७ मंसिर १० गते देखी १७ गते सम्म "रमपम" अन्तर मा.वि. फूटबल प्रतियोगिता गराएको थियो। जस्मा सरकारी तथा बोर्डिङ्ग स्कूल गरी जम्मा १३ वटा विद्यालयहरूले भाग लिएका थिए।

उक्त कार्यक्रमका उद्घाटन समारोहका प्रमुख अतिथी विराटनगरका एस.पी श्री कृष्ण बहादुर थापा एवं समापनका प्रमूख अतिथी अखिल नेपाल फूटबल संघका अध्यक्ष श्रीमती गीता राणा ज्यू हरू द्वारा गरियो। उक्त कार्यक्रमका प्रमूख प्रायोजक "रमपम" तयारी चाउचाउका श्री महेश जाजू सहायक प्रायोजकहरूमा "सेन्चुरी मसला", "तराई बोटर्लस", "मोरङ्ग अटोमोबाईल्स", "कोका कोला" हरूको सहयोगबाट कार्यक्रम सफलताका साथ सम्पन्न गऱ्यो। यसमा पत्रकार ज्यूहरू, संघ सस्थाबाट पाल्नु भएका प्रतिनिधी ज्यूहरू, र सम्पूर्ण खेल प्रेमी महानुभाव ज्यूहरूलाई हार्दिक धन्यवाद व्यक्त गरियो।

यस कार्यक्रमको लागि धेरै जनाले सहयोग दिनु भएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। उक्त कार्यक्रमका प्रमुख संयोजक श्री दीपेन्द्र अमात्य तथा रिपोर्टिङ्ग श्री सुजन प्रधान हुनुहुन्छ।

## बुद्ध शिक्षाया प्यंगू सफूत विमोचन

२०५७ मंसिर १७ गते। नघः स्थित श्रीघः विहार।

संघनायक भिक्षु अनिरुद्ध महास्थविरया सभापतित्वे संचालन जूगु छगू समारोहय् उद्योग तथा वाणिज्य मन्त्री भाजु रामकृष्ण ताम्राकार बुद्ध शिक्षा सम्बन्धि प्यंगू सफूत विमोचन याना दीगु समाचार दु। विमोचित सफूया नां व अनुवादकया नां थुकथं उल्लेख जुयाच्वंगु दु।

| | *सफूया नां* | *अनुवादकया नां* |
|---|---|---|
| १) | थेरगाथा | भिक्षु बोधिशेन महास्थविर |
| २) | पेतवत्थु | ,, ,, |
| ३) | बुद्ध वंश | भूवनलाल प्रधान |
| ४) | विमानवत्थु | धर्मरत्न शाक्य त्रिशुली |

सफू विमोचन यानादिसे मू पाहाँ मन्त्री ताम्राकारं धयादिल - "आः याकनं हे लुम्बिनी अन्तर्राष्ट्रिय स्तरया एयरपोर्ट दय्क्यगु वारे याकनं हे ज्या ज्वीगु दु। थन स्वदँया दुने विमानस्थल तयार ज्वीगु अनुमान दु।"

लुमंके बहःजू बुद्धवंश, पेतवत्थु, व थेरगाथा स्वंगू सफूया प्रकाशक श्री ज्ञानज्योती कंशाकार खः। थुपिं सफूत ध्यबा मकासे धर्मदानया रूपे इनाबीगु खःसा विमान वत्थु सफूया प्रकाशक नगर मण्डप श्री कीर्ति विहार खः। थुगु सफूया मू रु. ४०/- तका खः। पाली भाय् यागु थुगु सफू नेवाः भाषं अनुवाद जूगु खः।

## भिक्षु अनोम दस्सि मन्त

नगर मण्डप श्री कीर्ति विहारे प्रव्रजित व उपसम्पदा जुयाः अनसं च्वना बिज्याःम्ह भिक्षु अनोमदस्सि ५३ दँया वैशय् आकाभ्काकां ध्व संसार तोता बिज्यात। गृहस्थीबले चैत्यराज शाक्य नामं म्हस्यूम्ह वसपोल इमान्दारी थें शान्त स्वभावम्ह व धर्म प्रचारया न्ह्यागु ज्याय् नं म्हाः धाय् मसःम्ह खः। गृहस्थीबले निसें धर्म प्रचार व सेवा भावय् लगे जूम्ह जुयाः वसपोलयात अपोसिया यो।



Downloaded from http://www.dhamma.digital

जाडो बढेकोले होला आज छलफल कार्यक्रममा भागलिने सदस्यहरूको उपस्थिति त्यति मात्रामा देखिएन नि कसो ? एकजना सहभागीले भन्यो । आयोजक तर्फबाट भन्यो– कम संख्याको उपस्थिति भएपनि हामीले समयमै छलफल कार्यक्रम शुरू गर्ने पर्छ । समय खेर फाल्ने काम चाहिं गर्नु हुन्न हामीले । उ ! आईहाले नि चार पाँच जना सहभागीहरू त । तर नौला अनुहारका परेछन् । आयोजकको तर्फबाट नयाँ साथीको परिचय लिने चाहाना राख्दै सोधि हाल्यो- कहाँबाट आउनु भएको होला यहाँहरू ? परिचय पाउँ न ।

नयाँ सहभागीहरू मध्ये एकजनाले भन्यो- "म पाल्पा तानसेनबाट आएको । एउटा जिज्ञासा लिएर आएको छु मैले त ।"

आयोजक- के हो त्यस्तो जिज्ञासा भन्नुस् न ।

सहभागीले भन्न सुरू गरे– "के भिक्षुहरू विहारका उपासक वा दाताहरूको अधिनमा बस्नै पर्छ ?

आयोजक- किन यस्तो प्रश्न उठ्यो तपाइँबाट ? केही कारण त होला नि अवश्य पनि ।

सहभागी- कारण भएर त कुरो उठ्यो नि । हाम्रो परिश्चमतिरको एक विहारमा एकजना युवक भिक्षु आउनु भएको थियो । उहाँले युवा युवतीहरूलाई सही बुद्ध शिक्षाबारे धर्मदेशना गर्नुहुन्थ्यो । अरू पनि कतिपय धार्मिक कार्यक्रमहरू बनाउनु भयो उहाँले । तर उहाँले भक्तिमार्गलाई भन्दा पनि ज्ञानमार्गलाई बढि जोड दिनु हुँदो रहेछ । यो कुरो दाताहरूलाई चित्त बुझेनछ । त्यसैले होला कि किन हो कुन्नि । विहारका दाताहरूको आज्ञा लिएन वा उनीहरूको अधिनमा बसेन भन्ने आरोप लगाई त्यस भिक्षुलाई विहारमा बस्न नसक्ने गरी कुरा चलाइयो । त्यति मात्र होइन उनीहरूले "विहार निर्माणको लागि लाखौं खर्च गरि सक्यौं हामीले" भन्दै ती दाताहरूले त्यस विहारमा पूरा आफ्नो अधिकार जमाएछ । यो घटनालाई विचार गर्दै मेरो मनमा कुरा खेल्न थाल्यो- "यस्तो अहंकार कहाँबाट आयो उपासक उपासिकाहरूमा ?"

आयोजक–

खै ! तपाईको गुनासो बारे हामीलाई यथार्थ ज्ञान त छैन । तैपनि हाम्रो विचार अनुसार त हामीले एकतर्फी कुरा मात्र सुनेर निर्णय लिनु मूर्खता पूर्ण कार्य ठहरिने छ। जहाँसम्म हामीलाई लाग्छ, विहार भनेको धर्म प्रचार गर्ने एक केन्द्र हो । त्यहाँ बुद्ध पूजा मात्र गरी भक्तिभावमा मात्र सिमीत रहेर सही रूपमा धर्मप्रचार हुन सक्दैन । मूख्य कुरो त बुद्ध शिक्षा हासिल गरेर उपासकहरूमा चरित्र सुधार हुनु परेको छ । यसरी आफुमा रहेको अहंकारलाई नाश गरी चरित्र सुधार्न सक्नुपर्छ भन्ने कुरो बुद्धको उपदेशले नै बताइरहेको छ नि होइन र ?

एकजना नयाँ सहभागीले आफ्नो परिचय दिंदै भन्यो– "म एक अनपढ ज्यापुको छोरो परें । त्यसैले म पनि अनपढ नै छु । तर मलाई बुद्धको ज्ञान र शिक्षा सिक्न र जान्न मन लागेकोले मैले चार पाँचवटा जति पुस्तकहरू किनेर लगी घरमा पढ्न शुरू गरें । तर पुस्तकमा लेखिएका थुप्रै शब्दहरूको अर्थ मैले बुझ्न सकिन । त्यसैले खल्लो लाग्यो मलाई ती पुस्तकमा उल्लेख गरिएका कुराहरू ।

आयोजक- के कति शब्दहरू बुझ्नुभएन तपाईले भन्नुस् न । यो छलफल कार्यक्रम नै तपाइँजस्ता धर्मप्रेमी व्यक्तिहरूको सेवाको लागि बनाइएको त हो नि ।

सहभागी- मैले नबुझेका शब्दहरू यसरी छन्- दुष्कर चर्या, लौकिक, लोकोत्तर, कायिक र आध्यात्मिक । एकजना सहभागी- शब्दकोष किताव छैन तपाइँसंग ?

सहभागी- शब्दकोष छैन मसंग । भए पनि के गर्नु र ? शब्दकोष हेर्न त आउँदैन मलाई । मैले भनिहालें नि म अनपढ छु भनेर ।

आयोजक- हो नि । ल भैहाल्यो नि तपाईले दुःख मान्नै पर्दैन । हामीले थाहापाएको जति कुरो तपाइँलाई वताउछौं । ल सुन्नुस् ।

दुष्कर चर्या भनेको नचाहिंदो तरिकाले शरीरलाई दुःख कष्ट दिई धर्म गर्ने कार्यलाई भनिन्छ । चाहिने मात्रामा खाना पनि नखाई शरीरलाई कष्ट दिइ धर्मको नाममा तपस्या गरी देखावटी कार्यहरू गर्नुलाई दुष्कर चर्या भनिन्छ ।

लौकिक र भौतिक शब्द एउटै हो । यो संसारमा जति पनि वस्तुहरू छन्, ती सबै लौकिक र भौतिक हुन् ।

कायिक र काय पालि शब्द हुन् । शरीरलाई काय भनिन्छ । शरीर सम्बन्धि सबै विषयलाई कायिक भनिन्छ ।

लोकुत्तर वा आध्यात्मिक भनेको मन भित्रका कुराहरू हुन् । लोभी, इर्ष्यालु आदि खराव तत्त्वहरू नाश गर्नका लागि आध्यात्मिक ज्ञानको आवश्यकता पर्दछ । सेवा भाव, सहनशीलता, मैत्री र करूणा चित्त भएको खण्डमा मात्र आध्यात्मिक उन्नति हुन सक्छ । ल केही मात्रामा भएपनि बुझ्नु भयो होला नि अव त । धेरै विषयमा छलफल गरियो । आजलाई यतिकैमा टुंग्याउनु पर्ला ।"

# सम्पादकीय

## किन असन्तुष्ट छन् आजका भाग्यमानीहरू ?

आजभोलीको चमत्कारपूर्ण आविष्कारहरूले उत्पादन गरेका भौतिक सुख सुविधाहरूलाई उपभोग गर्न पाएकोमा हामी सबैले आफूलाई धन्य ठानिरहेका छौं । हुन पनि हो भौतिक सुविधाको दृष्टिकोणले हेर्ने हो भने आजभोलीका हामीहरू भाग्यमानी नै छौं । किनभने बुढाबुढीहरू भन्ने गर्छन्– खै ! हाम्रो पालामा बिहान सबेरै उठेर ढिकी जाँतो गरी खानुपर्छ चामलको लागि । तर आजभोली चामल निकाल्न ढिकी जाँतो गर्नु पर्दैन कस्तो सजीलो ! मेशीनबाट चामल निकालिन्छ । विहान ३ बजे उठेर पानीको घैंटो बोकी धारामा लाइन लाग्न जानुपर्छ । अहिलेको जस्तो घरैपिच्छे धारा कहाँ छ र पहिला ? कति टाढा देखि पानी बोकेर ल्याउनु पर्छ । एक गाग्रो पानी ल्याउन कति कठिन छ । तर आज भोलीका बुहारीहरूलाई त भान्छा सम्म धारो जडान गरि दिएको छ । मेशीनले पानी तानीहाल्छ । पानी बोक्नै पर्दैन । पहिला जस्तै दाउरा बाली भात पकाउन पनि पर्दैन आगो फुकी फुकी । अहिले त ट्याक्क गर्ने वित्तिकै आगो बल्ने ग्याँसको चुलो छ । टुपिन मात्र जडे पनि पुग्ने भात पकाउने राइसकुकर छँदैछ । छिटो पाक्ने प्रेशर कुकर छँदैछ । कमसे कम आधा घण्टा भित्र भात, दाल, तरकारी तयार भैहाल्छ । धेरै नै समयको बचत भएको छ आधुनिक अविष्कारले गर्दा । जे काम पनि छिटो र छरितो ।

यी त भए घरायसी कामहरूको कुरो । यी बाहेक कार्यालय, औद्योगिक क्षेत्रहरू देखि लिएर कृषिक्षेत्र आदि विभिन्न क्षेत्रहरूमा यस्ता कतिपय आधुनिक मेशिनहरूको आविष्कारले गर्दा थुप्रै ठूल्ठूला कार्यहरू छिटो, छरीतो र सजिलो भइरहेका छन् उदाहरणको लागि कम्प्यूटर लिन सकिन्छ । यसरी मानिसहरूको हात खुट्टा घोटी थुप्रो समय लगाई बल्ल तयार हुने कार्यहरू हाल विभिन्न उपकरणहरूको माध्यमले सजिलै तरिकाले छिटो र छरितो तरिकाले तयार हुने भएकोले पहिलाका मानिसहरूमा भन्दा आजभोलीका आधुनिक युगका मानिसहरू बढि फुर्सदी र सुखी, सन्तोषी हुनु पर्ने हो । होइन र ?

तर हामीले देखि रहेका छौं । यस्तो कदापी भइरहेका छैनन् । ठीक यसको उल्टो नतीजा देख्दैछौं हामीले । किनभने आजभोली सानो स्कुले बालक देखि लिएर अधवैंशे बुढाबुढीहरू समेत विहान ७/८ बजे देखि दौडादौड गरिरहेका देखिन्छन् । सानो स्कुले बालकलाई स्कुल जानै हतार । स्कुलबाट फर्क्यो खाजा खान पाएको हुँदैन Home work गर्ने हतार । एकछिन फुर्सद निकाली मन आनन्द गरी स्वतन्त्रपूर्वक खेल्ने समय कसरी पाउने विचरोहरूले ? त्यस्तै अलि काम धामले फुर्सद पाउने खालका बुढाबुढीहरू पनि आफ्ना नाती पनातीहरूलाई स्कुल पुऱ्याउने र लिन जाने काममै ब्यस्त देखिन्छन् । बीचका उमेरका युवा युवतीरू त आ–आफ्नै धूनमा ब्यस्त रहनु त स्वभाविक नै भए । यसरी वेफुर्सदी हुनु त राम्रै लक्षण हो । किनभने वेफुर्सदी व्यक्तिको मनमा नचाहिने तर्कना र विचारहरू खेल्न त पाउँदैन ।

तर यस्तो हुन सकिराखेको छैन । हाम्रो नेपाल देखि लिएर विकशित मुलुक भनाउँदा ठूलठूला देशहरू जहाँ एकदम शिक्षित कहलिएका विद्वानहरू रहेका छन्, जहाँ उच्च स्तरीय जीवन बिताइरहेका मानिसहरूले बसोवास गरिरहेका छन्, त्यहाँ समेत पनि युद्ध, आतङ्क, चोरी, भ्रष्टाचार, ब्यभिचार, अशान्ती जस्ता दूषित कार्यहरू बढ्दैछन् । अरुत के कुरा एस.एल.सी. पास गर्ने क्षमता नभएकाहरूले एस.एल.सी. पास भएको ठहराउने लोभले पैसा तिरी तिरी नक्कली प्रमाणपत्र किनेर सबैलाई छकाउन खोज्ने व्यक्तिहरूको बिगबिगी भैरहेको चर्चा छ हाम्रै समाजमा । त्यति मात्र होइन विद्यार्थीहरूलाई सही मार्ग देखाउने जिम्मा बोकेका शिक्षकहरू समेत भ्रष्टाचारी बन्दै पैसाको लोभमा परी अनुत्तिर्ण विद्यार्थीहरूलाई नम्बर थपी थपी उत्तिर्ण भएको घोषणा गर्न पछाडि परेका छैनन् । तर यसरी अरूलाई छकाउन सफल हुँदैमा आफ्नो मनलाई पनि छकाउन सके त ठीकै छ । यस्ता ढोंगी व्यक्तिहरूलाई आफ्नै मनले कहिले पनि क्षमा दिन सक्दैन । उनीहरूको मनले अवश्य यही भनीरहन्छ –"तैंले असत्य काम गरी अरुलाई छकाउँदै छौं ।" त्यति मात्र होइन उसको मनलाई जहिले पनि आफ्नो गलत कामले क्षण क्षणमा तर्साइरहेको हुन्छ । त्यस कामले उसलाई कहिले पनि मानसिक शान्ति प्रदान गर्न सक्दैन । यसरी भौतिक सुख र झूठो मान सम्मानको लोभमा परी साँचो मानसिक शान्तीलाई गुमाइरहेका आजका समाजका मानिसहरू पहिलाका सीधा सादा शुद्ध आचरण सहितका व्यक्तिहरू भन्दा बढि अतृप्त, अशान्त र चिन्तित देखिन्छन् । फलस्वरूप कतिपय मानिसहरू मनको आनन्द प्राप्त गर्न को लागि सही बाटो पहिल्याउन नसकी नशालु मादक पदार्थका समेत शरण लिन पुगिरहेका छन् । यसरी मानसिक रोगीहरूको संख्या दिनपर दिन बढ्दै गएको देखिन्छ । घर घरमा अशान्ति, समाज, देश र विश्वमै अशान्तिले घेर्दैछ ।

यस्तो स्थितिको सृजना हुनुको मुख्य कारण नै हामीले आफ्नो विवेक बुद्धिलाई सही बाटोमा लगाउन नसक्नु हो । विवेक हीन लोभमा परी आफ्नो आचरण भ्रष्ट गरेपछि त्यस दूषित र भ्रष्ट चित्तले आफुलाई मात्र अशान्तिमा होमिने होइन आफू वरपरका अन्य ब्यक्तिहरूलाई समेत नराम्रो असर पारी अशान्ति मच्चाइ दिनेछ ।

त्यसकारण सुख शान्तिको मुख्य जड उच्च स्तरीय पढाई भौतिक सुख र उच्च स्तरीय जीवन मात्र होइन बरु आचरण शुद्धि अर्थात् विवेक पूर्ण, लोभ लालच रहित आचरण रहेछ भन्ने कुरो बुझी यसैलाई अभ्यास गर्न सिकौं र आफ्नो र अरुको समेत जीवनलाई सुखमय पार्न सफल होऔं । यही बुद्धको शिक्षा हो ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं । फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं फोन : २५१०३२, २५४४५०, फ्याक्स : (९७७-१) २४८६७८

Downloaded from http://www.dhamma.digital